# लहान नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लहान -१०, सिरहा

मधेश प्रदेश, नेपाल

# लहान नगरपालिकाको क्षमता विकास योजना
## (अन्तिम प्रतिवेदन)

२०८१


सम्पर्क

लहान नगर कार्यपालिकाको कार्यालय

फोनः ०३३-५६३१३८/५६३१३९

ईमेलः lahan.municipal@gmail.com

वेबसाइट : https://lahanmun.gov.np

# विषय सूची


**तालिका सूची** **क**

**चित्र सूची** **क**

**परिच्छेद एक : परिचय** **१**

१.१ पृष्ठभूमि १
१.२ क्षमता विकास योजनाको औचित्य १
१.३ क्षमता विकास योजना तर्जुमाका आधारहरु २
१.४ क्षमता विकास योजनाको उद्देश्य ३
१.५ क्षमता विकास योजना तर्जुमा विधि र प्रक्रिया ३
१.५.१ अध्ययनको प्रारुप तयार ३
१.५.२ अभिमुखीकरण कार्यक्रम तथा समन्वय समिति गठन ४
१.५.३ मूख्य कार्यक्रमहरुको सूची तयार ४
१.६ योजना तर्जुमाका सीमा ४

**परिच्छेद दुई : लहान नगरपालिकाको परिचय** **५**

२.१ नगरपालिकाको परिचय ५
२.२ नामकरण ५
२.३ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ५
२.४ प्राकृतिक र सांस्कृतिक सम्पदा ७
२.५ जनसाङ्ख्यिकीय अवस्था ८
२.४ शैक्षिक विकास ९
२.५ लैङ्गिक समानता र सामाजिक समानीकरण १३

**परिछेद तीन : स्थानीय तहको संस्थागत क्षमता र संवैधानिक, कानुनी अधिकार तथा जिम्मेवारीहरु तुलनात्मक विश्लेषण** **१५**

३.१ विषय प्रवेश १५
३.२ संस्थागत क्षमता विकास प्रतिको बुझाइ १५
३.३ स्थानीय तहको क्षमता विकासका क्षेत्र तथा अन्तर्सम्बन्धित विषयवस्तुहरु १७
३.४ स्थानीय तहको संस्थागत क्षमता विकासका तीन आयामहरु १७
३.५ स्थानीय तहको संस्थागत क्षमता लेखाजोखा १९
३.५.१ लहान नगरपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा, आवश्यकता पहिचान र विश्लेषण २०
३.५.२ मानव संसाधन क्षमता विकास तथा व्यवस्थापनः एक परिचय २१
३.५.३ लहान नगरपालिकाको माग र आपूर्तिमा आधारित क्षमता विश्लेषण २२
३.६ लहान नगरपालिकाको समष्टिगत क्षमता विकास लेखाजोखा २२
३.६.१ मागमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाः २२
३.६.२ नेतृत्व तहको क्षमता विकास आवश्यकता लेखाजोखा २३
३.६.३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा २३
३.६.४ मानव संसाधन क्षमता विकास आवश्यकताबारेको लेखाजोखा २३
३.७ सेवा बजारहरुको क्षमता विकास आवश्यकताको लेखाजोखा २४

**परिच्छेद चार : समष्टिगत योजना खाका** २५

४.१ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना २५
४.२ मानव संसाधन विकास २५

४.३ स्थानीय शासन र सेवाप्रवाह बारेको  समष्टिगत अवस्था विष्लेषण २५
४.४ लहान नगरपालिकाको क्षमता विकास योजना (आ.व. २०८२/८३ देखि २०८४/८५) २८
४.४.१ पृष्ठभूमि २८
४.४.२ सोच २८
४.५ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु ३०
४.६ मानव संसाधन क्षमता विकासका प्रमुख योजनाहरु ३४

**परिच्छेद पाँच : क्षमता विकास योजना कार्यान्वियन रणनीति र कार्य योजना ४१**

५.१ पृष्ठभूमि ४१
५.२ क्षमता विकास योजना रणनीति तर्जुमा र कार्यान्वियन योजनाको उद्देश्य ४१
५.३ कार्य क्षेत्र ४१
५.४ योजना कार्यान्वियनका चरणहरु ४२
५.४ क्षमता विकास योजनाका मूख्य नीतिहरु ४३
५.५ योजना कार्यान्वियनको रणनीतिः ४३
५.६ कार्यान्वियन तालिका प्रथम वर्ष ४४

**परिच्छेद छ : कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन 46**

६.१ कार्यक्रम व्यवस्थापन ४६
६.२ योजना कार्यान्वियनको अनुगमन तथा मूल्याङ्कन ४६
६.२.१ नियमित अनुगमन ४६
६.२.२ मध्यावधिक समीक्षा ४७
६.२.३ आयोजना कार्यान्वियन समाप्ति पछिको मूल्याङ्कन ४७
६.२.४ प्रभाव मूल्याङ्कन ४७

**सन्दर्भ सामग्री ४८**

**अनुसूची ४९**

अनुसूची १: समन्वय समिति ४९
अनुसूची २: कर्मचारीहरुको संगठनात्मक ढाँचा ५०
अनुसूची ३ (क): स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण (एकल तथा साझा आधिकारसँग सम्बन्धित) ५२
अनुसूची ३ (ख) : संस्थागत क्षमता विकास लेखाजोखा र क्षमता विकास आवश्यकता पहिचान ५७
अनुसुचि ४ (क): स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा (नेतृत्व तहको क्षमता विकास आवश्यकताको लेखाजोखा अनुसूचि ३ मागमा आधारित) ६०
अनुसूची ४ (ख) : स्थानीय तहका एकल अधिकार प्रयोगको अवस्था ६२
अनुसूची ५: विषयगत शाखा/वडामा कार्यरत कर्मचारीको क्षमता लेखाजोखा ७०
अनुसूची ६: अन्तर सम्बन्धित विषयहरु ७३
अनुसूची ७: मौजुदा कानुन दस्तावेजहरु ७५
अनुसूची ८: सेवा प्रवाह उत्कृष्टता मापनका औजारहरुबाट प्राप्त नतिजा विश्लेषण ७८
अनुसूची ८: माईन्युट ७९
अनुसूची ९: तस्वीरहरु 81

## तालिका सूची

तालिका १ : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व ..... ५
तालिका २ : जनसाङ्ख्यिकीय विवरण ..... ८
तालिका ३ : लहान नगरपालिकाको वडागत जनसङ्ख्या वितरण ..... ९
तालिका ४ : लहान नगरपालिकाका शिक्षण संस्थाहरु ..... १०
तालिका ५ : स्थानीय सरकारका जिम्मेवारीहरु ..... १६
तालिका ६ : कार्य विवरण ..... २१
तालिका ७ : समस्या, सभावना विश्लेषण (SWOT) ..... २६
तालिका ८ : स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (दिग्दर्शनको अनुसूचि ७ मा आधारित) ३१
तालिका ९ : स्थानीय सरकारको मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित) ..... ३५
तालिका १० : योजना कार्यान्वयनको रणनीति ..... ४३
तालिका ११ : आगामी आ.व. २०८२/८२ को कार्ययोजना ..... ४४

## चित्र सूची

चित्र १ : क्षमता विकासका तीन आयामहरु ..... १७
चित्र २ : स्थानीय शासन र सेवा प्रवाह उत्कृष्टता मापनका औजारहरु ..... १९
चित्र ३ : आवश्यकता पहिचान र विश्लेषण ..... २०

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले शासकीय स्वरुप सङ्घ, प्रदेश र स्थानीय गरी ३ तहको हुने व्यवस्था गरे अनुरुप सरकारका ३ वटै तहका एकल अधिकार र साझा अधिकार पहिचान भई ३ वटै तहका सरकारहरु संवैधानिक, नीतिगत र कानुनी दायराभित्र क्रियाशील भई रहेको अवस्था छ । स्थानीय सरकारले आफू मातहतको आर्थिक तथा सामाजिक नेतृत्व लिंदै सबै वर्ग, क्षेत्र, समुदाय विशेषका आवश्यकता र समस्या तथा चुनौतिहरुको समाधानका लागि राज्यका तर्फबाट गरिनुपर्ने प्रयासहरु हुँदै आएका छन् । संयुक्त राष्ट्रसङ्घको दीगो विकास लक्ष्य सन् २०१६ देखि सन् २०३०, नेपाल सरकारको सोह्रौ पञ्चवर्षीय योजनाको अवधारणा पत्र र हालसालै टुंगो लागेको सोह्रौं योजनाको मार्ग दर्शन, विषयगत मन्त्रालय, विभाग र प्रदेश मन्त्रालयहरु मार्फत भएका प्रतिवद्धताहरुले स्थानीय तहलाई नागरिकहरुको अग्रपंक्तिको विकास चालकको रुपमा पहिचान र परिभाषित गरेका छन् । स्थानीय नागरिकहरुको अपेक्षा अनुरुपको विकासको ढाँचा, स्रोत परिचालन, अवसर वृद्धि, सामाजिक न्याय, लोकतन्त्र, सुशासन जस्ता जनभावनाको कदर गर्ने र स्थानीय सरकार प्रति नागरिकहरुको विश्वास, सद्भाव, सहभागिता तथा सहयोग बढाउने तथा लोकतन्त्रलाई नागरिक माझ स्थापित गर्ने कार्यमा स्थानीय तहको अहम् जिम्मेवारी छ ।

नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजनाले नेपाललाई वि. स. २०८७ सम्ममा मध्यम आय भएको मुलुक र वि. सं. २१०० सम्ममा विकसित राष्ट्रको रूपमा रूपान्तरित हुने दीर्घकालीन सोच र रणनीतिका साथै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्ने प्रतिवद्धता जाहेर भएको छ । पन्ध्रौं पञ्चवर्षीय योजनाको यो परिकल्पनालाई सोह्रौं योजनाको अवधारणा पत्र र सोह्रौ पञ्चवर्षीय योजनाले पनि महत्वपूर्ण स्थान दिएको सन्दर्भमा सबल एवम् सक्षम स्थानीय तहले मात्रै संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थव्यवस्था निर्माण र मौलिक हकको प्रभावकारी कार्यान्वियन गर्न गराउन क्षमता राख्दछ । स्थानीय तहमा सामाजिक न्याय सहितको दिगो र फराकिलो आर्थिक वृद्धि गर्न लोकतन्त्रलाई सुदृढ बनाउन राज्यका निकाय, राज्य संयन्त्र र स्थानीय सरकार प्रति जनआस्था प्रवर्द्धन गर्न स्रोत साधन र वित्तीय सुनिश्चितता सहितको दृढ, तटस्थ र उत्प्रेरणात्मक संस्थागत नेतृत्व, सीपयुक्त, विश्वसनीय र प्रतिवद्ध कर्मचारी संयन्त्र, जिम्मेवार र जवाफदेही स्थानीय संघ संस्था, निष्पक्ष, सहयोगी र रचनात्मक नागरिक समाजको एकीकृत र अविच्छिन्न प्रयासले मात्र राज्यले अपेक्षा गरेको यो प्रतिवद्धता प्राप्त हुन सक्छ । यसका लागि स्थानीय संयन्त्र (स्थानीय तहको संस्थागत संरचना), नागरिक नेतृत्व (निर्वाचित जनप्रतिनिधिहरु) र मानव संसाधन (कर्मचारी संयन्त्र) सीपयुक्त सक्षम र प्रतिवद्ध हुनु आवश्यक हुन्छ । यो आवश्यकतालाई सम्बोधन गर्न लहान नगरपालिकाको संस्थागत क्षमता विकास योजना (आ.व. २०८२/८३-२०८४/८५) तयार गरिएको छ ।

## १.२ क्षमता विकास योजनाको औचित्य

हाम्रा स्थानीय तहहरूमा विशिष्टीकृत स्थानीयता छ । विशिष्टीकृत स्थानीयता भित्र विशिष्टीकृत स्रोतहरू पनि छन् । तसर्थ यस्ता स्रोतहरूको पहिचानबाट अधिकतम लाभ लिन विशिष्टीकृत योजना तथा कार्यक्रम बन्नु पर्छ । संवैधानिक अधिकार र कानुनी जिम्मेवारीहरुको अधिनमा रहेर विशिष्टीकृत स्रोत परिचालन गर्न बिशिष्टीकृत योजना चाहिन्छ । स्थानीयतासँग सामन्जस्य हुने विशिष्टीकृत योजना बनाउन विशिष्टीकृत साधन स्रोत, सीप, ज्ञान, परिपक्कता र निर्दिष्ट उद्देश्य बोकेका मानव साधनको आवश्यकता पर्दछ । सीमित

स्रोत साधनबाट असीमित स्थानीय आवश्यकता, नागरिक सेवा बिस्तार, गुणस्तरीय कार्य सम्पादन र निर्दिष्ट लक्ष्य प्राप्त गर्न समय सान्दर्भिक कार्य कौशलता, तटस्थता र उच्च जिम्मेवारी बोध हुनु आवश्यक छ ।

नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारको प्रयोग साझेदारीमा उपयोग गर्ने अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहको काम, कर्तव्य र अधिकार परिभाषित गर्दा १७ वटा फरक फरक जिम्मेवारी पूरा गर्न सकिने भनेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) (क देखि झ) र सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, नेपालको संविधान २०७२ को धारा ५७ (४) (५) ले स्थानीय तहलाई आर्थिक तथा सामाजिक विकासको अग्रपंक्तिको चालकको रूपमा परिभाषित गरेको छ । राष्ट्रिय तथा प्रादेशिक नीति, विद्यमान ऐन नियमहरू तथा दिगो विकास लक्ष्य, बेईजिङ घोषणा पत्र, जलवायु अनुकुलनका स्थानीय जिम्मेवारी पूरा गर्न स्थानीय तहलाई थप सीपयुक्त र सशक्त बनाउनु अनिवार्य छ । यस परिप्रेक्ष्यमा स्थानीय तहको क्षमता विकास गर्नुपर्ने कारण देहाय बमोजिम रहेका छन् ।

- उपलब्ध स्रोत साधनहरुको प्रभावकारी प्रयोग र परिचालन गरी सेवा प्रवाहको गुणस्तर र प्रतिफलमा गुणत्मक वृद्धि प्राप्त गर्न ।
- दैनिक कार्य सञ्चालनका लागि आवश्यक कार्यालय सामग्री, यन्त्र उपकरण, भवन आदिको व्यवस्थापन, प्रयोग र परिचालन गर्न ।
- नेपाल सरकारले गरेका अन्तराष्ट्रिय प्रतिवद्धता, राष्ट्रिय र प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकताका सवालहरुको कुशल सम्बोधन गर्न सक्षम, सीपयुक्त, प्रतिस्पर्धी मानव साधन विकास गर्न ।
- संस्थागत जवाफदेहिता र दीगोपना मजबूत बनाउँदै कर्मचारीको बृत्ति विकास र पदाधिकारीहरुको जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने सीप हाँसिल गर्न आदि ।

यी र यस्ता क्षमता विकाससँग सम्बन्धित कार्यहरुले सेवा प्रवाहको क्रममा आईपर्ने चुनौतीहरुको पहिचान गर्न, नागरिक गुनासाहरु समयमा नै सम्बोधन गर्न, स्थानीयता सुहाउँदा भौतिक संरचना, स्थानीय स्रोत साधन (प्राकृतिक र मानव निर्मित दुबै), न्यून क्षतिमा अधिकतम लाभ हुने गरी परिचालन गर्न स्थानीय तहको दक्षता, परिपक्कता, संवेदनशीलता र जिम्मेवारी वोध बढ्छ । यसले सिङ्गो स्थानीय संयन्त्रको कार्यशैलीमा विशिष्टता थप्छ र स्थानीय तहमा दीगो तथा फराकिलो आर्थिक र सामाजिक विकासको जग बसाउन मद्दत पुग्छ ।

## १.३ क्षमता विकास योजना तर्जुमाका आधारहरु

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ र दफा २४ ले योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा सरकारका तीनवटै तहका जिम्मेवारी बारे प्रष्ट पारेका छन् । दिगो विकास लक्ष्य, मौलिक हक, सङ्घीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना र प्रादेशिक योजनाले राखेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य प्राप्त गर्न स्थानीय तहको जिम्मेवारी महत्वपूर्ण छ । एउटै लक्ष्य तथा उद्देश्य भएका कार्यक्रमहरूमा कुनै एक, दुई वा तीनवटै सरकारको संलग्नता रहने व्यवस्था संविधान, कानुन तथा कार्यविधिहरूले देखाएका छन् । स्थानीय तहले एकतर्फ यस्ता प्रावधानहरूले तोकेका दायराभित्र रही स्थानीय आवश्यकता सम्बोधन गर्नु छ भने अर्कोतर्फ प्रादेशिक र राष्ट्रिय लक्ष्य प्राप्त गर्न साझेदारी पनि गर्नु

छ । यस परिप्रेक्ष्यमा तयार भएको लहान नगरपालिकाको यो क्षमता विकास योजना प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, नेपाल सरकार (कार्य विभाजन) नियमावली २०७४, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७५, बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा २०७६, संविधानको अनुसूची ८ ले दिएका एकल अधिकार र अनुसूची ९ ले व्यवस्था गरेका साझा अधिकारहरुको कार्यान्वय, स्थानीय जिम्मेवारी, स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७६ ले निर्देश गरेका प्रावधानहरुलाई आधार मानेर यो दस्तावेज तयार पारिएको छ ।

## १.४ क्षमता विकास योजनाको उद्देश्य

राज्यले नागरिकसँग गरेका संवैधानिक र कानुनी प्रतिवद्धताहरुको सफल कार्यान्वयनबाट हुने प्रतिफल लक्षित समूह सहित नागरिकहरुको पहुँच भित्र पुऱ्याउन, प्रतिफल उपभोगमा समान अवसर तथा सामर्थ्य सुनिश्चित गर्न र हालको व्यवस्था प्रति नागरिकहरुको विश्वास सुदृढ गर्न, स्थानीय सरकार तथा स्थानीय तहका सहयोगी निकायहरु र विकास साझेदारहरुका लागि आवश्यक पर्ने कार्यगत सीप, क्षमता र सामर्थ्य विकास गराउन, स्रोत सुनिश्चितता सहितको क्षमता विकास योजना तयार गर्नु यो अध्ययनको उद्देश्य हो । यसका निर्दिष्ट उद्देश्यहरु निम्न बमोजिम छन् ।

क) संविधान तथा वर्तमान कानूनले स्थानीय सरकारलाई प्रत्यायोजन गरिएका अधिकार र जिम्मेवारी जनअपेक्षा अनुरुप सञ्चालन गर्ने क्रममा देखिएका स्थानीय सरकारका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षहरुको विश्लेषण सहित सूची तयार गर्नु ।

ख) स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मोवारीहरु जनआकाँक्षा अनुरुप नेतृत्व सहित सञ्चालन गर्न जननिर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुको कार्यदक्षताको स्तर हालको विधि तथा प्रक्रिया र जनआकाँक्षा अनुरुप भए नभएको सहभागितात्मक तरिकाले लेखाजोखा गर्नु ।

ग) सेवा प्रवाह र प्रभावकारी विकास व्यवस्थापन प्रक्रियालाई नविन आयाम, प्रविधि तथा प्रणाली विकास र प्रयोग गर्ने गराउने आधार बारे विश्लेषण गर्नु ।

घ) संस्थागत, मानव साधन तथा भौतिक स्रोत साधनको क्षमता तथा कार्यदक्षता अभिवृद्धि गर्न बाधक देखिएका पक्षहरुको वस्तुपरक निरुपण (समाधान) गर्न आवश्यक पर्ने रणनीति तथा कार्यनीतिहरुको पहिचान गर्नु ।

ङ) प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनका लागि आवश्यक पर्ने ज्ञान, सीप, कार्य कुशलता तथा धारणा र सेवा प्रवाहको हालको वस्तुस्थिति बीचको फरक (GAP) पहिचान सहित आवश्यकतामा आधारित कार्यक्रम प्रस्ताव गरी क्षमता विकास योजनाको मस्यौदा तयार पार्नु ।

च) पहिचान भएका कार्यक्रमहरुको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधनहरु के कसरी व्यवस्था गर्न सकिन्छ विश्लेषण सहित सम्बन्धित स्थानीय तहको क्षमता विकास योजना दस्तावेज तयार पार्नु ।

## १.५ क्षमता विकास योजना तर्जुमा विधि र प्रक्रिया

### १.५.१ अध्ययनको प्रारुप तयार

लहान नगरपालिकाको कार्यादेश पश्चात क्षमता विकास योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यक्रमका लागि परामर्शदाताको तर्फबाट पत्राचारी मार्फत समन्वय गरियो र परामर्शदाताको तर्फबाट खटिइ जाने विषय विज्ञ र सहयोगीहरुका लागि क्षमता विकास बारेको सैद्धान्तिक र व्यवहारिक प्रक्रिया, सूचना पहिचान, विवरणहरुको सङ्कलन र क्षमता विकास योजना दिग्दर्शन २०७६ को अनुसूचीहरुले राखेका फारमहरु बारे बृहत छलफल गरी अध्ययनको प्रारुप तयार गरियो ।

### १.५.२ अभिमुखीकरण कार्यक्रम तथा समन्वय समिति गठन

स्थानीय तहको समष्टिगत र क्षेत्रगत सरोकारवालाहरु (भौतिक संरचना, निर्वाचित जन प्रतिनिधि, बहालवाला कर्मचारी, वन उपभोक्ता समिति, वि.व्य.स., टोल विकास संस्था, स्थानीय उद्योग वणिज्य सङ्घ, विषयगत समिति, उपभोक्ता समिति, आदि) को उपस्थितिमा क्षमता विकास के ?, किन ?, कसका लागि?, भन्ने सवालमा सहभागितात्मक ढाँचाको कार्यशाला आयोजना गरी क्षमता विकासको आवश्यकता, विषयवस्तु आदिका बारेमा एक दिने अभिमुखीकरण कार्यक्रम आयोजना गरी छलफल गरियो र क्षमता विकास योजना तयारी, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका कार्यलाई प्रभावकारी बनाउन बहु सरोकारवाला क्षमता विकास योजना समन्वय समिति (अनुसूची -१) गठन गरियो ।

### १.५.३ मूख्य कार्यक्रमहरुको सूची तयार

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ ले प्रस्ताव गरेका ढाँचामा माग तथा आपूर्तिमा आधारित क्षमता विकास लेखा जोखा, दिग्दर्शन कै अनुसूची ६ का आधारमा बन्ने स्रोत व्यक्ति तथा संस्थाहरुको सूची निर्माण, अनुसूची २, ३, ५, ८ लगायतका अनुसूचीहरुको अधिनमा रहि स्थानीय तहको संस्थागत क्षमता लेखाजोखा (संस्थागत, पदाधिकारी, कर्मचारी र सेवा बजार) गरिएको छ र लेखाजोखाबाट पहिचान भएका सवालहरुका आधारमा आगामी तीन आ.व. मा कार्यान्वयन हुने मूख्य कार्यक्रमहरुको सूची तयार पारियो ।

## १.६ योजना तर्जुमाका सीमा

योजना तर्जुमा प्रक्रियाका निम्न सीमाहरु रहेका छन् ।

क) क्षमता विकास योजना तर्जुमा गर्दा भएका पालिका स्तरका छलफलहरुमा पदाधिकारी, कर्मचारी र सरोकारवाहरुको कार्यव्यस्तताका कारण अध्ययनका कार्यहरुमा सहभागी जुटाउँन चुनौति रह्यो ।

ख) क्षमता विकास योजना स्थानीय तहमा कार्यरत कर्मचारीहरु र जनप्रतिनिधिहरुसँग गरिएको छलफल र अन्तरक्रियाको आधारमा तयार पारिएको भएता पनि यसमा सबै कर्मचारी र जनप्रतिनिधिहरुको सहभागिता हुन नसकेकाले यसमा समूहगत स्वार्थले प्रभाव पारेको हुन सक्छ ।

ग) क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तिय स्रोतको विनियोजन र उपलब्धताको सुनिश्चितता हुन बाँकी रहेकाले योजना कार्यान्वयनमा चुनौति हुन सक्ने ।

## परिच्छेद दुई : लहान नगरपालिकाको परिचय

### २.१ नगरपालिकाको परिचय

मधेश प्रदेश अन्तर्गत सिराहा जिल्लामा ८ वटा नगरपालिका र ९ वटा नगरपालिकाहरु गरी १७ वटा स्थानीय तह रहेको छ जस मध्ये लहान नगरपालिका एक हो। सिराहा जिल्लाको पूर्वी भाग तथा पूर्व पश्चिम राजमार्गमा पर्ने यो नगरपालिका वि.सं. २०३२ सालमा लहान बजार, लहान गोठ, सिगराही र मटियर्वा नगरहरु मिलेर तत्कालिन लहान नगर पञ्चायत बनेको हो। स्थानीय तह पुनर्संरचनाका क्रममा वि.सं. २०७३ साल फागुन २३ गते साविक लहान नगरपालिका एवम् साविक गाढा गाविस र गोविन्दपुर मल्हानिया गाविस समावेश गरी लहान नगरपालिकाको स्थापना गरिएको हो। तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रको सिरहा जिल्लामा अवस्थित पूर्व पश्चिम राजमार्गको पूर्वी खण्डमा रहेको यस नगरपालिकालाई नेपालको पूर्वी क्षेत्रमा जाने यातायातका साधनहरुको ढोका भने पनि हुन्छ। लहान नगरपालिकाको पूर्वमा बलान नदी (सप्तरी जिल्ला), पश्चिममा धनगढीमाई नगरपालिका, दक्षिणमा सिमानामा सखुवानान्कारकट्टी नगरपालिका, लक्ष्मीपुर पतारी नगरपालिका र उत्तरमा उदयपुर जिल्ला पर्दछन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार यस पालिकाको कुल क्षेत्रफल १६९.५२ वर्ग किलोमिटर रहेको छ। लहान नगरपालिकाको क्षेत्रफल मधेश प्रदेशको कुल क्षेत्रफल (९,६६१ वर्ग कि.मि.) को १.७५ प्रतिशत हुन आउँछ र नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. को ०.११ प्रतिशत हुन आउँछ।

### २.२ नामकरण

“लहान” को नामकरण सम्बन्धमा एक जनश्रुति अनुसार वर्षौं पहिले यस ठाउँमा हाट लाग्ने गरेको र पहाडबाट व्यापार गर्न आउने व्यापारीहरु सरसामान खरिद तथा बेचबिखन गर्न आउँदा ती व्यापरीहरु बीच परस्पर मारपीट र झैझगडा हुने क्रममा “लौ हान” शब्दको बारम्बार प्रयोग भएपछि कालान्तरमा “लौहान” शब्दबाट अप्रभंश भई लहान नामकरण भएको हो। एक अन्य जनविश्वास अनुसार पहिले यस क्षेत्रमा लौहान सिंह नामक राजाले राज्य गरेकोले उनैको नाउँमा यसको नाम लहान भएको बताउने गरिन्छ। त्यसै गरी सिरहा क्षेत्रमा पहिले देखि नै घना जङ्गल रहेको र स्थानीय भाषामा रुखका जरालाई “शिर” भनिने भएकोले पछि यो ठाउँलाई सिरहा भन्न थालिको पाइन्छ।

### २.३ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

*तालिका १* : वडागत जनसङ्ख्या, क्षेत्रफल तथा जनघनत्व

| वडा नं. | समावेश गाविस/नपा | जनसङ्ख्या | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | जनघनत्व (व्यक्ति प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|
| १ | लहान नगरपालिका (१) | ५९०७ | ५.७९ | २.६ | २२७१.९२ |
| २ | लहान नगरपालिका (२) | ३३१६ | ३.२५ | १.०७ | ३०९९.०७ |
| ३ | लहान नगरपालिका (३) | ५८३० | ५.७१ | ७.८५ | ७४२.६८ |
| ४ | लहान नगरपालिका (४) | ४४६८ | ४.३८ | २.२९ | १९५१.०९ |
| ५ | लहान नगरपालिका (५) | ४९०७ | ४.८१ | ०.५५ | ८९२१.८२ |
| ६ | लहान नगरपालिका (६) | २६१० | २.५६ | ०.९३ | २८०६.४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | लहान नगरपालिका (७) | २४१४ | २.३७ | ०.६२ | ३८९३.५५ |
| ८ | लहान नगरपालिका (८) | ३१७५ | ३.११ | ०.३ | १०५८३.३३ |
| ९ | लहान नगरपालिका (९) | २३३४ | २.२९ | १.७५ | १३३३.७१ |
| १० | लहान नगरपालिका (१०) | ३६१० | ३.५४ | २.२५ | १६०४.४४ |
| ११ | लहान नगरपालिका (११) | ३५९३ | ३.५२ | ३.६६ | ९८१.६९ |
| १२ | लहान नगरपालिका (१२) | ३५१८ | ३.४५ | ३.७१ | ९४८.२५ |
| १३ | लहान नगरपालिका (१३) | ४४७६ | ४.३९ | ९.०८ | ४९२.९५ |
| १४ | लहान नगरपालिका (१४) | २६०१ | २.५५ | ७.०२ | ३७०.५१ |
| १५ | लहान नगरपालिका (१५) | ५१७४ | ५.०७ | २९ | १७८.४१ |
| १६ | लहान नगरपालिका (१६) | २१०५ | २.०६ | ३२.३४ | ६५.०९ |
| १७ | लहान नगरपालिका (१७) | ३३३७ | ३.२७ | ९.९५ | ३३५.३८ |
| १८ | लहान नगरपालिका (१८) | ६७२३ | ६.५९ | ८.७८ | ७६५.७२ |
| १९ | लहान नगरपालिका (१९) | ४९०६ | ४.८१ | ४.६ | १०६६.५२ |
| २० | लहान नगरपालिका (२०) | ३८२० | ३.७४ | ६.२१ | ६१५.१४ |
| २१ | लहान नगरपालिका (२१) | ४२५४ | ४.१७ | ५.८५ | ७२७.१८ |
| २२ | लहान नगरपालिका (२२) | ६३६० | ६.२३ | ९.५१ | ६६८.७७ |
| २३ | गाढा गाविस (१-९) | ५०५८ | ४.९६ | ५.१९ | ९७४.५७ |
| २४ | गोविन्दपुर मल्हानिया गाविस (१-९) | ७५३५ | ७.३९ | १४.४१ | ५२२.९० |
| जम्मा | | **१,०२,०३१** | **१००.००** | **१६९.५२** | **६०१.८८** |

स्रोत: *सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय जनगणना, २०७८*




*नक्सा १ : लहान नगरपालिकाको अवस्थिति नक्सा*

समुन्द्री सतहदेखि करीव ९५ देखि ३१५ मिटर सम्मको उचाइमा अवस्थित यो नगरपालिका विश्व मानचित्रमा २६°३९’१४” देखि २६°५१’३५” उत्तरी अक्षांश र ८६°२५’१५” देखि ८६°३३’२५” पूर्वी देशान्तर सम्म फैलिएको छ । नगरपालिकाको कुल क्षेत्रफलको ६४ प्रतिशत भू-भाग तराई र ३६ प्रतिशत भू-भाग शिवालिक पहाड क्षेत्र अन्तर्गत पर्दछ । यस क्षेत्रको उत्तरतर्फको जमिन २० डिग्री भन्दा माथिको भिरालो भएको चुरे पहाडले बनेको छ, यद्यपि यसले केही क्षेत्र मात्र समेट्छ र अधिकांश तराई समतल हो । यस टोपोग्राफीले वर्षात मौसममा बाढी र डुबान बढाउँछ । लहान नगरपालिकाको हावापानी न्यानो र समशीतोष्ण प्रकारको रहेको छ । यस क्षेत्रको अधिकतम तापक्रम ४० डिग्री सेल्सियस तथा न्यूनतम तापक्रम १० डिग्री सेल्सियस रहेको छ । लहान नगरपालिकाको औसत वार्षिक वर्षा १ ४६७ मि.मि. छ र आद्रता औषत ९०.५ रहेको छ । ज्येष्ठ महिनाको अन्तिमतिर मनसुन शुरु भएर असोज महिनासम्म रहन्छ । गर्मी समयमा खडेरी, माहामारी, असिना, आगलागी, हावाहुरी, सर्पदंश र बाढी जस्ता प्रकोपबाट जनधनको क्षति हुने गर्दछ भने जाडो याममा शितलहर, तुषारो तथा चिसो हावाको प्रवाहले जनजीवनलाई प्रभावित गर्ने गरेको देखिन्छ । *(स्रोत: एन्फो संस्थाबाट तयार गरिएको लहान नगरपालिकाको एस.एफ.डि. प्रतिवेदन र लहान नगरपालिकाको नगर वस्तुस्थिति विवरणको मस्यौदा प्रतिवेदन, २०७८)*

## २.४ प्राकृतिक र सांस्कृतिक सम्पदा

लहान नगरपालिका प्राकृतिक स्रोत र साधनले धनी छ । यस क्षेत्रमा वन जङ्गल, नदी नाला, समथर एवम् उर्वर भूमि, ताल तलैया र सिमसार क्षेत्र नगरपालिकाको प्राकृतिक स्रोत हुन् । नगरपालिका भित्र हात्तिदह ताल, झवाई खोल्सी ताल, देवीदह र मानिक दह गरी ४ वटा ताल रहेका छन् । यस क्षेत्रका नदी नालामा बलान खोला, खुट्टी खोला, बेतहा खोला, मुतनी खोला र सपही खोला तथा ढोढना खोला, सर्रे खोला, छहका खोला, कोरिया खोला, शुशुवारी खोला, सुखाझोर खोला, झवाइ खोल्सी, झिर्झिरे खोला लगायतका २० वटा खोला रहेका छन् । पालिकामा भवरी चौरी सिमसार, दुधिभगडी सिमसार, हात्तीदह सिमसार, देवीदह सिमसार र मानिक दह सिमसार गरी ५ वटा सिमसार क्षेत्र रहेका छन् ।

नगरपालिकाको कुल क्षेत्रफल मध्ये करीब ६८ प्रतिशत भाग वन क्षेत्रले ओगटेको छ । स्थानीय समुदायले वन उपभोक्ता समूह गठन गरेर वनजङ्गल क्षेत्रको संरक्षण गर्ने काम स्थानीय समुदायले गरिरहेका छन् । नगरपालिका क्षेत्रमा ३७ वटा वन उपभोक्ता समिति र परिचालन भइरहेका छन् । यहाँ पाइने केही जनावर र पन्छीहरुमा मयुर, लाटोकोसेरो, गिद्ध, बट्टाई, हात्ती, चितुवा, चित्तल, रतुवा, निल गाई, बँदेल, दुम्सी, जंगली सुंगुर, बाँदर, निलो गोरु, मृग, कालो भालु, बाघ, खरायो, पाइथन, आदि जनावरहरु र वन कुखुरा, परेवा, ढुकुर, कोइली, बकुल्ला, किङफिसर, मैना, बुलबुल, दर्जी पन्छी, आदि चराहरु पाइन्छ ।

यहाँको प्रमुख वन तथा वनस्पति प्रजातिहरुमा पानापत्ती (लाफ), कच्चु, मडुवा साग, गाजपिपल, मोथा, झिरो, जिरे तरुल, काँडे भ्याकुर, कुकुर तरुल, सुनाखरी, चाँदिगाभा, दुबो, सिरु, निलोझलुके, कुकुरडाईनो, जंगली सुकुमेल, वन पान, आँप, घोडताप्रे, आँक, कराउना, दुधेलहरा, दुधलत्ती, कालिदुधी, श्यामलता, गन्की, सिम साग, वन भेंडो, बेलज्जा, बेसरम, बेहचा, गोलकाँक्री, वनकाँक्री, वन चिचिण्डो, हारम (कैजल), काझी, बाङ्गीकाठ, सिन्दुरे, रोहिनी, सिरिष्ट, सिरिष, मल्हान, पुतली फूल, भेण्डी फूल, लज्जावती, बुहारी झार, चितु, बाबरी (वन तुलसी, राम तुलसी), दर्दमेदा, कौवाठोली (माधवीलता), सिमल, सानो चिल्या, ठूलो बालु, चिरचिरी (नालु कुरो, बरियार), आँखा तरुवा, टुनी, बाटुलपाते, गुर्जो लहरा, बडहर, समी, पाकर, खसरेटो,

काभ्रो, पिल्खान, गुल्लर, पिपल, काक्सी, जामुन, कालो जामुन, ल्वाङ्गे झार, पिर्रे झार, दमाई फल, पुत्रन्जिवा, नकोरे, बयर, कदम, कदम्बा, बेल, श्रीफल, करिपत्ता, मिठोनिम, चिरौन्दासल्ला, ऐजेरु, चरचरे, लुतेझार, जनैलहरो, मयुरखुट्टे, पानी न्यूरो, साउने न्यूरो, आदि पाइन्छ । यस क्षेत्रमा रहेका नदि तथा खोला किनारामा वालुवा, ढुङ्गा लगायतका खनिजहरु यस क्षेत्रमा पाईन्छ ।

लहान नगरपालिकामा हिन्दु (८९.०८ प्रतिशत), ईस्लाम (९.४९ प्रतिशत), बौद्ध (१.०० प्रतिशत), प्रकृति (०.२० प्रतिशत), क्रिश्चियन (०.१३ प्रतिशत) र किराँत (०.११ प्रतिशत) बसोबास गर्दै आएको र धार्मिक सहिष्णुता कायम रहेको छ । लहान नगरपालिका क्षेत्रमा सांस्कृतिक विविधता रहेको छ भने थारु, यादव, मुसलमान, मुसहर, कोइरी/कुशवाहा, तेली, चमार/हरिजन/राम, सुंडी, दुसाध/पासवान/पासी, मलाहा, हलुवाई, तत्मा/तत्व, धानुक, खत्वे, हजाम/ठाकुर, क्षेत्री, केवतका साथै दनुवार, कुम्हार, रौनियार, ब्राम्हण (पहाडी), विश्वकर्मा, कलवर, तामाङ, ब्राम्हण (पहाडी), सोनार, राजपुत, बनियान, बढई/बादी र अन्य जातजातिको मिश्रित बसोबास रहेको पाईन्छ । नगरपालिका क्षेत्रमा मनाईने चाडपर्वहरुमा दशैं, तिहार तथा स्थानीय चाडपर्वमा सिरुवा, फागु, भातृ द्वितीया, चौठ चन्द्र, छठ, दिपावली, बडादिन, इद, आदि प्रमुख छन् । सांस्कृतिक पक्षमा सल्हेस नाच र मुस्लिम समुदायको झरन नृत्य, मैथली समुदायको झिझिया नाच, जरजटिन एवम् सामाचकेवा आदि यस क्षेत्रका मूख्य स्थानीय प्रचलन अन्तर्गत पर्दछन् । धार्मिक तथा भाषिक रुपमा रहेको यस क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरुले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ । भेषभुषाको रुपमा पुरुष तथा महिलाहरुले विभिन्न चाडपर्वहरुमा आ-आफ्नो जातजाति झल्काउने मौलिक भेषभुषा लगाउने गर्दछन् । *(स्रोत : राष्ट्रिय जनगणना, २०७८ तथा स्थलगत अवलोकन, २०८१)*

## २.५ जनसाङ्ख्यिकीय अवस्था

लहान नगरपालिकाको जम्मा घरधुरी २०,५७७ र कुल जनसङ्ख्या १,०२,०३१ रहेको छ जसमध्ये पुरुष ५०,५६७ (४९.५६ प्रतिशत) र महिला ५१,४६४ (५०.४४ प्रतिशत) रहेको छ । यस नगरपालिकाको सरदर घरधुरी आकार ४.९६, लैंगिक अनुपात ९८.२६ र जनघन्तव ६०१.८८ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ ।

*तालिका २* : जनसाङ्ख्यिकीय विवरण

| | |
|---|---|
| जम्मा घरधुरी | २०,५७७ |
| जम्मा जनसङ्ख्या | १,०२,०३१ |
| पुरुष | ५०,५६७ (४९.५६ प्रतिशत) |
| महिला | ५१,४६४ (५०.४४ प्रतिशत) |
| सरदर घरधुरी आकार | ४.९६ |
| लैगिंक अनुपात | ९८.२६ |
| जनघनत्व | ६०१.८८ व्यक्ति प्रति वर्ग कि. मि. |
| *स्रोत : राष्ट्रिय जनगणना, २०७८* | |

जनसङ्ख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नं २४ मा ७,५३५ (७.३९ प्रतिशत) र सबैभन्दा कम जनसङ्ख्या वडा नं १६ मा २,१०५ (२.०६ प्रतिशत) रहेको छ । जनघनत्वको हिसाबले हेर्दा

सबैभन्दा बढी जनघनत्व वडा ८ मा १०,५८३.३३ व्यक्ति प्रति वर्ग कि.मि. तथा सबै भन्दा कम वडा नं. १६ मा ६५.०९ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ ।

*तालिका ३* : लहान नगरपालिकाको वडागत जनसङ्ख्या वितरण

| वडा नं. | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| | | कुल | पुरुष | महिला | |
| १ | १,२७४ | ५,९०७ | २,९३५ | २,९७२ | ९८.७६ |
| २ | ६८९ | ३,३१६ | १,६३४ | १,६८२ | ९७.१५ |
| ३ | १,१९२ | ५,८३० | २,९६२ | २,८६८ | १०३.२८ |
| ४ | ८०६ | ४,४६८ | २,२८१ | २,१८७ | १०४.३० |
| ५ | ९६६ | ४,९०७ | २,४६७ | २,४४० | १०१.११ |
| ६ | ५३२ | २,६१० | १,३०९ | १,३०१ | १००.६१ |
| ७ | ४६५ | २,४१४ | १,२३० | १,१८४ | १०३.८९ |
| ८ | ६५० | ३,१७५ | १,६३५ | १,५४० | १०६.१७ |
| ९ | ४६९ | २,३३४ | १,१५४ | १,१८० | ९७.८० |
| १० | ७५५ | ३,६१० | १,८६९ | १,७४१ | १०७.३५ |
| ११ | ७४३ | ३,५९३ | १,७०८ | १,८८५ | ९०.६१ |
| १२ | ७१६ | ३,५१८ | १,७४५ | १,७७३ | ९८.४२ |
| १३ | ९६० | ४,४७६ | २,१५३ | २,३२३ | ९२.६८ |
| १४ | ५५१ | २,६०१ | १,२८९ | १,३१२ | ९८.२५ |
| १५ | १,०८२ | ५,१७४ | २,५५० | २,६२४ | ९७.१८ |
| १६ | ४२६ | २,१०५ | १,०५१ | १,०५४ | ९९.७२ |
| १७ | ६६५ | ३,३३७ | १,६४५ | १,६९२ | ९७.२२ |
| १८ | १,२९० | ६,७२३ | ३,१८४ | ३,५३९ | ८९.९७ |
| १९ | ९६३ | ४,९०६ | २,४२५ | २,४८१ | ९७.७४ |
| २० | ७७६ | ३,८२० | १,८७९ | १,९४१ | ९६.८१ |
| २१ | ८११ | ४,२५४ | २,१४५ | २,१०९ | १०१.७१ |
| २२ | १,२४५ | ६,३६० | ३,०८४ | ३,२७६ | ९४.१४ |
| २३ | १,०१३ | ५,०५८ | २,४८१ | २,५७७ | ९६.२७ |
| २४ | १,५३८ | ७,५३५ | ३,७५२ | ३,७८३ | ९९.१८ |
| **जम्मा** | **२०,५७७** | **१,०२,०३१** | **५०,५६७** | **५१,४६४** | **९८.२६** |

*स्रोत : राष्ट्रिय जनगणना, २०७८*

## २.४ शैक्षिक विकास

लहान नगरपालिकामा शैक्षिक पूर्वाधारतर्फ विद्यालयको सङ्ख्या कक्षा १-३ सम्म ५ वटा, कक्षा १-५ सम्म ३३ वटा, कक्षा १-८ सम्म ७ वटा, कक्षा १-१० सम्म ७ वटा, कक्षा १-१२ सम्म ८ वटा र प्रस्तावित १ बालविकास समेत गरि ६१ वटा विद्यालयहरु सञ्चालनमा छन् । धार्मिक (मदरसा) विद्यालय १२ वटा रहेका छन् । सिटीईभिटी बाट सम्बन्धन प्राप्त भई प्राविधिक धारका कक्षा श्री पशुपति आदर्श मा.वि., मटियर्वामा सिभिल ईन्जिनियरिङको कक्षा सञ्चालन तथा खुल्ला विद्यालयका ६ देखि १० सम्मका कक्षा सञ्चालनमा रहेका छन् भने दृष्टिविहिन सम्बन्धी कक्षाहरु समेत सञ्चालनमा रहेका छन् । नगरपालिकामा स्नातकोत्तर

तहसम्म जे. एस. मुरराका बहुमुखी क्याम्पस र लहान एभरेष्ट क्याम्पस तथा स्नातक तहसम्म अध्यापन हुने रोयल सफ्टेक कलेज, सलहेश क्याम्पस र विद्यापति क्याम्पस अवस्थित छन् । यी सम्पूर्ण क्याम्पसमा शिक्षा, वाणिज्य र मानविकी तथा मुरराका बहुमुखी क्याम्पसमा विज्ञान समेत पठनपाठन हुने गर्दछ ।

लहान नगरपालिकामा रहेका विद्यालयहरुमा पठनपाठनको लागि अपाङ्गमैत्री तथा बालमैत्री भवन र कक्षा कोठा व्यवस्था गर्दै लैजानुपर्ने देखिन्छ । पिउनेपानीको लागि धारा, चापालकल, ईनार, नालाबाट प्रयोग गर्दै आएको छ भने केही विद्यालयहरुमा स्वच्छ खानेपानीको व्यवस्था गर्नुपर्ने देखिन्छ । घेराबार नभएका विद्यालयहरुमा घेराबार गरि खेलमैदानहरुको स्तरोन्नति गर्नुपर्ने देखिन्छ । कम्प्युटर तथा विज्ञान प्रयोगशालालाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ । सबै विद्यालयमा ई-हाजिरीको व्यवस्था गर्दै जानुपर्ने देखिन्छ । न.पा अन्तर्गत सञ्चालित ६ वटा सामुदायिक सिकाई केन्द्र रहेका छन् । आ.व. २०७९/८० मा नगर साक्षार घोषणाको लागि यस नगरपालिका अन्तर्गतका २४ वटा वडा मध्ये ८ वटा वडाहरु (वडा नं. २, ३, ४, ५, ६, ७, १४ र २१) सामुदायिक सिकाई केन्द्रको समन्वयमा साक्षर वडा घोषणा भइसकेको अवस्था छ भने बाँकी १६ वटा वडाहरु साक्षर घोषणा कार्यक्रमलाई निरन्तरता दिईने छ । *(स्रोत : लहान नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८०/८१)*

*तालिका ४* : लहान नगरपालिकाका शिक्षण संस्थाहरु

| **क्र. सं.** | **विद्यालयको नाम** | **वडा नं.** | **सञ्चालित कक्षा** | **जम्मा दरबन्दी** | **जम्मा विद्यार्थी सङ्ख्या बालविकास बाहेक** | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **२०७९** | **२०८०** | **२०८१** |
| १ | सिंगराही आ.वि., मटियर्वा | १ | १-८ | ९ | ३९८ | ३८० | ३९० |
| २ | ज्ञानज्योति आ.वि., सिंगराही | १ | १-५ | ५ | १३० | ११८ | १३२ |
| ३ | लेखनाथ आ.वि., मटियर्वा | १ | १-५ | ५ | ६९ | ७९ | ८४ |
| ४ | भानु आ.वि., भगवानपुर | २ | १-५ | ५ | १२४ | १०६ | १०५ |
| ५ | सन्यासी आ.वि., बिहारपुर | ३ | १-५ | १ | ७० | १११ | १२४ |
| ६ | ल.ल.कु. मा.वि., रघुनाथपुर | ३ | १-१२ | १८ | १,३५८ | १,४४८ | १,५५० |
| ७ | म.स.वि.स. आ. वि., चम्पापुर | ४ | १-६ | ६ | १६७ | १५४ | १७४ |
| ८ | नवकाली आ.वि., बलुवाटोल | ५ | १-३ | २ | ८४ | ७८ | ७६ |
| ९ | शिवशक्ति आ.वि. | ५ | १-५ | ६ | १७८ | १४३ | १७१ |
| १० | ज्ञानोदय आ.वि. | ६ | १-३ | ४ | १३९ | १२२ | १११ |
| ११ | प. आ. मा. वि. | ७ | १-१२ | २९ | १,१९८ | १,१०९ | १,०४३ |
| १२ | सिद्धार्थ आ.वि. | ८ | १-५ | ६ | १४१ | १४१ | १६६ |
| १३ | मा.वि., लहानगोठ | ९ | १-१० | ५ | ३५६ | ४९१ | ५४२ |
| १४ | ज. मा. वि., बैरिया गुदिगाँउ | १० | १-१० | १० | २७७ | २९० | २९२ |
| १५ | मा.वि., पिडरबोनी | ११ | १-११ | ४ | १६० | १७४ | २१० |
| १६ | ज. आ. वि., भोटियाटोल | १२ | १-५ | ३ | ८२ | ६५ | ६९ |
| १७ | मा.वि., पडरिया | १२ | १-१२ | १२ | ७६१ | ७२८ | ७१७ |
| १८ | गणेश आ.वि., बस्तीपुर | १३ | १-५ | ३ | ६८ | ७१ | ७९ |
| १९ | स. आ.वि., सरस्वती | १३ | १-५ | ३ | १०५ | १२१ | १०५ |
| २० | ज. आ.वि., घलेटोल | १३ | १-६ | ४ | १९९ | १८१ | १५१ |
| २१ | स. आ. वि., पक्कीटोल | १३ | १-५ | ४ | १४६ | १०६ | ९८ |
| २२ | बस्तिपुर मा.वि., बस्तिपुर | १४ | १-१२ | २० | ९३६ | ९०८ | ७९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | आ. वि., बस्तिपुर | १४ | १-१५ | ५ | १८३ | २३९ | १९२ |
| २४ | खुट्टी आ. वि., बानो | १५ | १-५ | ३ | १०८ | ८८ | ८४ |
| २५ | सगरमाथा मा. वि. | १५ | १-१२ | १४ | ७७१ | ६९५ | ६३९ |
| २६ | राजदेवी आ.वि. | १५ | १-५ | ४ | १६५ | १४३ | १३६ |
| २७ | बाबा सन्यासी आ. वि. | १५ | १-५ | ३ | ८१ | ९० | ७६ |
| २८ | बेतहा खोला आ. वि. | १५ | १-५ | १ | ३९ | ४४ | ४३ |
| २९ | ज. स. बे. या. आ. वि. | १५ | १-५ | ३ | १२१ | ९२ | ८० |
| ३० | मा. वि. भसुवा खुलाले | १६ | १-१० | ५ | १२७ | १३९ | १५२ |
| ३१ | ज. आ. वि., बर्दमार | १६ | १-५ | २ | ५३ | ४३ | ४१ |
| ३२ | आ. वि., मैनाटार | १७ | १-५ | २ | ४८ | ३४ | ३३ |
| ३३ | आ. वि., बलानसेर | १७ | १-५ | ३ | ७० | ७० | ७६ |
| ३४ | मा. वि., गोबिन्दपुर | १७ | १-१० | १० | ७६४ | ५६७ | ५९८ |
| ३५ | आ. वि., दैलतपुर | १७ | १-५ | १ | ९१ | ११६ | ११६ |
| ३६ | मा. वि., तरेगाना गाईघाट | १७ | १-१० | ३ | १५७ | १६६ | १९७ |
| ३७ | विष्मिल्हा आ. वि. | १८ | १-२ | ० | ० | ० | ३० |
| ३८ | रा. बा. मा. वि., भदैया | १८ | १-१० | ७ | ३६५ | ४४१ | ४४६ |
| ३९ | श. रा. ल. आ. वि., अमही | १८ | १-५ | ४ | २३२ | २४३ | २५५ |
| ४० | राजदेवी आ. वि., भदैया | १८ | १-५ | १ | २०६ | १८८ | १३७ |
| ४१ | जनता मा. वि., सोनमति | १९ | १-१२ | १७ | ७८१ | ७५७ | ६५३ |
| ४२ | आ. वि., नौडेगा छरापट्टी | १९ | १-५ | ४ | ९३ | ८१ | ९४ |
| ४३ | आ. वि., कटहा | १९ | १-५ | ४ | १०३ | १०४ | १०९ |
| ४४ | मा. वि., हनुमान नगर ब्रहमान गोर्छारी | २० | १-१२ | १६ | ५९० | ५०० | ४६३ |
| ४५ | आ. वि., हरिनगारा | २० | १-३ | २ | ६३ | ६२ | ५७ |
| ४६ | ज. आ. वि., मोतिपुर | २० | १-५ | ४ | ९३ | ९७ | ९२ |
| ४७ | आ. वि., भवानीपुर, कालाबञ्जर | २१ | १-५ | ४ | १२१ | १०४ | १११ |
| ४८ | आ. वि., जदही, सिसबानी | २२ | १-५ | २ | ८९ | १३६ | १६५ |
| ४९ | आ. वि., बर्छवा, सिसबानी | २२ | १-५ | ३ | १०६ | १२३ | ११९ |
| ५० | कल्याणदह आ. वि., बेली | २२ | १-५ | १ | १२२ | १२१ | १४१ |
| ५१ | पाचुनाथ आ. वि., सिसबानी | २२ | १-५ | १ | ४९ | ५८ | ६५ |
| ५२ | ज. आ. वि., भथनाहा | २३ | १-५ | ३ | १४९ | ८२ | ९० |
| ५३ | युवा आ. वि., कडरिया | २३ | १-५ | २ | ८१ | ८० | ७९ |
| ५४ | स. र. म. आ. वि., गाढा | २३ | १-५ | २ | १६४ | १४९ | १४४ |
| ५५ | स. आ. वि., गडिया | २३ | १-५ | २ | ११५ | १३५ | १२३ |
| ५६ | आ. वि., तिलेबोना | २३ | १-३ | २ | ८३ | ७६ | ८३ |
| ५७ | ज. आ. वि., यादवटोल | २४ | १-५ | ३ | ८८ | ९५ | ८१ |
| ५८ | लेखनाथ मा. वि., मलहन | २४ | १-१० | ९ | ६१९ | ५९३ | ६४० |
| ५९ | दलित भानुभक्त आ. वि. | २४ | १-५ | २ | ८४ | ९७ | ८२ |
| ६० | ज. आ. वि., मानिकदह | २४ | १-५ | २ | १४१ | १४७ | १४० |
| **जम्मा** | | | | ३२० | १४,४६१ | १४,११९ | १४,०४४ |

*स्रोत : लहान नगरपालिका, २०८१*




*फोटो १ : लहान नगरपालिकाका शिक्षण संस्थाहरु*

वि. सं २०८० मा जम्मा विद्यार्थी सङ्ख्या बालविकास बाहेक १२,५२६ र बालविकास सहित जम्मा १४,११९ विद्यार्थी सङ्ख्या रहेका छन् । वि. सं २०८१ मा जम्मा विद्यार्थी सङ्ख्या बढेर बालविकास बाहेक १४,०४४ र बालविकास सहित १५,७१७ पुगेको छ । नगरपालिकामा ३२० जना प्रा.वि. देखि मा.वि. सम्म दरबन्दी रहेको पाईन्छ । जसमा शैक्षिक शत्र २०८१ मा ईमिसमा विद्यार्थी अनुपात ४३.८९ देखिन्छ जस अनुसार पुलमा दरबन्दी नहुने देखिन्छ । विद्यालयगत शिक्षक विद्यार्थी अनुपात मिलेको देखिंदैन । तसर्थ शिक्षक विद्यार्थी अनुपात, विषयगत शिक्षकको उपलब्धता, विद्यालयको भौगोलिक जस्ता पक्षलाई आधार मानेर दरबन्दी मिलान कार्य अघि बढाउनुपर्ने देखिन्छ । ईमिसमा आवद्ध नभएका विद्यालयहरुलाई यथाशिघ्र ईमिसमा आवद्ध गरिनुपर्ने देखिन्छ । *स्रोत : लहान नगरपालिकाको वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, २०८०/८१)*

यस नगरपालिकामा ५ वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ६९.१५ प्रतिशत (पुरुष साक्षारता ७८.४८ प्रतिशत र महिला साक्षारता ६०.१७ प्रतिशत) रहेको छ जुन राष्ट्रिय साक्षरता दर (७६.२५ प्रतिशत) भन्दा कम रहेको छ ।

नगरपालिकाको शैक्षिक अवस्थामा शुरुआती बाल अध्ययन ५.४४ प्रतिशत, प्राथमिक तह २६.१५ प्रतिशत, निम्न माध्यमिक तह १७.५६ प्रतिशत र उच्च माध्यमिक तह १८.५३ प्रतिशत रहेको छ । नगरपालिकामा एस.एल.सी. वा सो सरह १०.१२ प्रतिशत, प्रविणता प्रमाणपत्र तह वा सो सरह १२.६७ प्रतिशत, स्नातक तह वा सो सरह ५.३३ प्रतिशत, स्नातकोत्तर तह वा सो सरह २.३२ प्रतिशत, अन्य ०.०७ प्रतिशत, स्तर नभएको १.१६ प्रतिशत जनसङ्ख्या रहेका छन् भने ०.६५ प्रतिशत जनसङ्ख्याको शैक्षिक स्तर उल्लेख गरिएको छैन । अध्ययनको प्रमुख क्षेत्र अनुसार १५ वर्ष माथिका विद्यार्थीहरुले १०+२ वा सो भन्दा माथि शिक्षा हासिल गरेका मध्ये  मानविकी र सामाजिक विज्ञान ६.९५ प्रतिशत, व्यवस्थापन २८.१७ प्रतिशत, शिक्षण २९.८१ प्रतिशत, विज्ञान तथा प्रविधि १२.०० प्रतिशत, स्वास्थ्य/मेडिकल विज्ञान ६.६२ प्रतिशत, इन्जिनियरिङ ७.३५ प्रतिशत, कानुन ०.४८ प्रतिशत, कृषि १.०८ प्रतिशत, वन ०.४१ प्रतिशत, पशु विज्ञान/पशु चिकित्सा/मत्स्यपालन ०.२८ प्रतिशत, कम्प्यूटर तथा सूचना प्रविधि ०.५० प्रतिशत र अन्य १.५८ प्रतिशत रहेका छन् भने ४.७८ प्रतिशतको शिक्षाको क्षेत्र उल्लेख गरिएको छैन । *(स्रोत :लहान नगरपालिका कार्यालय, शिक्षा शाखा, २०८१ र राष्ट्रिय जनगणना,२०७८)*

## २.५ लैङ्गिक समानता र सामाजिक समानीकरण

नगरपालिकाको कुल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४९.५६ प्रतिशत र महिलाको सङ्ख्या ५०.४४ प्रतिशत रहेको छ जस अनुसार लैङ्गिक अनुपात ९८.२६ पुरुष प्रति १०० जना महिला हुन आउँछ । यस नगरपालिकामा ५ वर्ष मुनिका बालबालिकामा ५.०६ प्रतिशत पुरुष र ४.२४ प्रतिशत महिला गरि कुल ९.३० प्रतिशत रहेको छ भने १४-४५ वर्ष उमेर समूहका युवायुवतीहरुको सङ्ख्या कुल जनसङ्ख्याको ४८.७० प्रतिशत रहेको छ । त्यसै गरी ६०-७० वर्ष उमेर समूहका मानिसहरुको सङ्ख्या कुल जनसङ्ख्याको ५.५० प्रतिशत तथा ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुको सङ्ख्या ३.६३ प्रतिशत रहेको छ । (*स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

आदिवासी तथा जनजातिहरुमा कुल जनसङ्ख्याको थारु १६.२० प्रतिशत, दनुवार ०.९७ प्रतिशत, तामाङ ०.५९ प्रतिशत, मगर ०.४५ प्रतिशत, मिजार ०.३६ प्रतिशत, राई ०.२८ प्रतिशत, नेवार ०.१९ प्रतिशत, माझी ०.०५ प्रतिशत, कुमाल र राजवंशी ००३ प्रतिशत, सुनुवार ०.०२ प्रतिशत छन् । त्यसै गरी सिमान्तकृत र पिछडिएका जातिहरुमा मुसहर ८.५७ प्रतिशत, चमार/हरिजन/राम ५.१३ प्रतिशत, दुसाध/पासवान/पासी ३.६५ प्रतिशत, तत्मा/तत्वा १.८४ प्रतिशत, खत्वे १.५५ प्रतिशत, विश्वकर्मा ०.७१ प्रतिशत, डोम ०.३७ प्रतिशत, हल्खोर ०.३२ प्रतिशत, परियार ०.२९ प्रतिशत, लोहार ०.१३ प्रतिशत, घर्ती/भुजेल ०.१२ प्रतिशत, आदि रहेका छन् । नगरपालिकामा बोलिने भाषाहरुमा मैथिली, थारु, उर्दु, नेपाली, मगही, तामाङ, हिन्दी, अवधी, मारवाडी, मगरधुत, दनुवार तथा अन्य भाषा रहेका छन् । नगरपालिकाको जनसङ्ख्यालाई अपाङ्गताका दृष्टिकोणले हेर्दा ९८.४५ प्रतिशत जनसङ्ख्या सपाङ्ग रहेका छन् । सपाङ्ग बाहेक भौतिक अपाङ्गता भएका ०.६६ प्रतिशत तथा सबभन्दा कम अटिजम ०.०१ प्रतिशत रहेका छन् । (*स्रोत : राष्ट्रिय जनगणना, २०७८)*

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरपालिकामा ज्येष्ठ नागरिक (अन्य), ज्येष्ठ नागरिक (दलित), ज्येष्ठ नागरिक एकल महिला, विधवा आर्थिक सहायता, अपाङक "क" वर्ग र "ख" वर्ग आर्थिक सहायता, तोकिएका क्षेत्रका बालबालिका, दलित बालबालिका र लोपोन्मुख जातिको लागि भत्ता वितरण भईरहेको छ । साथै नगरपालिकाले "ग" तथा "घ" वर्गको अपाङ्गलाई स्वास्थ्य उपचारको लागि सहायता प्रदान गरिराखेको छ । नगरपालिकामा अन्य ज्येष्ठ नागरिक भत्ता ४,६९४ जना, ज्येष्ठ नागरिक दलित भत्ता ७२९ जना, ज्येष्ठ नागरिक एकल महिला भत्ता ५७५ जना, विधवा आर्थिक सहायता १,५३० जना, क वर्ग आर्थिक सहायता २१५ जना, ख वर्ग आर्थिक सहायता ४०२ जना, क्षेत्र तोकिएका बालबालिका ६,१९३ जना, दलित बालबालिका भत्ता १,७३५ जना, लोपोन्मुख जाति ८ जना, ग वर्गको ९७ जना तथा घ वर्गको ५६ जनाले त्रैमासिक रुपमा भत्ता तथा सहायता लिंदै आएका छन् । (*स्रोत : लहान नगरपालिका, २०८१)*

## परिच्छेद तीन : स्थानीय तहको संस्थागत क्षमता र संवैधानिक, कानुनी अधिकार तथा जिम्मेवारीहरु तुलनात्मक विश्लेषण

### ३.१ विषय प्रवेश

स्थानीय तहहरु संघात्मक शासन प्रणालीको ढाँचा लागु भएसँगै संविधान प्रदत्त एकल तथा साझा अधिकार, स्थानीय तहसँग सम्बन्धित सङ्घीय कानुन, नीति, योजना र प्राथमिकताहरुको कार्यान्वयन गर्ने नागरिकहरुको नजिकको अविभावकत्व लिएको सरकार हो । यस सन्दर्भमा स्थानीय सरकारले संविधानले प्रतिवद्धता जनाएका नागरिक सेवाका कार्यहरु, स्थानीय आर्थिक, सामाजिक विकासका कार्यहरु, स्थानीय पूर्वाधार निर्माण, सुशासन, संगठन सुदृढिकरण लगायतका कार्य गर्न जिम्मेवारी पाएको छ तर राष्ट्रिय प्राथमिकता प्राप्त सवालहरु जस्तो जलवायु परिवर्तन, वातावरण अनुकुलन, लैंगिक र सामाजिक समावेशीकरणसँग सम्बन्धी कार्यहरुले स्थानीय योजनामा पर्याप्त स्थान नपाएसम्म लक्षित समुदायका विशेष अधिकारहरु आझेलमा पर्न सक्ने सम्भावना पनि उत्तिनै संवेदनशील छ । तथ्याङ्क पहिचान, स्थानीय विकासमा तथ्याङ्कको प्रयोग, योजना पहिचान, प्राथमिकिकरण र कार्यान्वयन गर्दा प्रथाथमिकतामा राखिनु पर्ने सवालहरु धेरै छन् ।

यहि सेरोफेरोमा लहान नगरपालिकाले योजनाहरू मार्फत स्थानीय तहका एकल र साझा अधिकारहरुको कार्यान्वयनमा क्रियाशिल हुँदै आएको छ । स्थानीय तह सञ्चालन, योजना निर्माण, विकास व्यवस्थापन लगायतका कार्य स्थानीय सरकार सञ्चालन ऐन र नगरपालिका आफैंले तयार गरेका कानुन, विधि र प्रणालीको दायरा भित्र रहेर कार्यान्वयन भएको अवस्था छ । नीजि क्षेत्र, गैर सरकारी क्षेत्र, अन्तर पालिका समन्वय, नव प्रबर्तन, पकेट क्षेत्र विकास, विषयगत क्षेत्रको विकास लगायतका सङ्घीय सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना र सोह्रौं पञ्चवर्षीय योजनाको आधारपत्रले प्राथमिकतामा राखेका र स्थानीय तहका एकल अधिकार र साझा अधिकारले समेटेका विषय वस्तुहरुको सन्तुलित प्रयोग गर्दै अगाडी बढेको देखिन्छ । त्यसैगरि स्थानीय नेतृत्वमा निर्वाचित जनप्रतिनिधिहरु दिगो विकास लक्ष्यको आन्तरिकिकरण, साझा र एकल अधिकार प्रयोग, स्थानीय सरकार सञ्चालन ऐनले दिएको जिम्मेवारी, भूमिका र प्रयोग बारे कति स्पष्ट, कुसल र ब्यवहारिक छन् भन्ने विषय समीक्षा गर्नु जरुरी छ ।

यो अध्ययन, तयार पारिदै गरेको क्षमता विकास योजनाका लागि यी र यस्ता स्थानीय आवश्यकता, प्रादेशिक र राष्ट्रिय प्राथमिकता तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको सफल कार्यान्वयन गर्न सिङ्गो स्थानीय संयन्त्र कति प्रभावकारी र सफल रह्यो स्वःमूल्याङ्कन र सामुहिक मूल्याङ्कनका आधारमा लेखा जोखा गर्ने र प्राप्त सिकाइको दायरामा आगामी तीन वर्षको क्षमता विकास योजनाको विषयवस्तु पहिचान गर्ने कार्यमा केन्द्रित छ ।

### ३.२ संस्थागत क्षमता विकास प्रतिको बुझाइ

स्थानीय तहसँग सङ्घीय ढाँचाको स्थानीय शासन स्थापित गर्ने जिम्मेवारी छ । त्यसैगरी स्थानीय आवश्यकता प्रादेशिक र राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको आन्तरिकिकरण गर्ने जिम्मेवारी पनि स्थानीय तहसँगै छ । संविधानले प्रत्याभूत गरेका दलित, महिला, पिछडिएको वर्ग, क्षेत्र र समूदायका सवालहरुलाई प्राथमिकताका साथ सम्बोधन गर्ने, गराउने मूख्य जिम्मेवारी पनि स्थानीय तहलाई नै दिइएको

छ । संविधानको अनुसूची ८ ले दिएका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था भएका साझा अधिकार प्रयोग गर्ने र तत् तत् अधिकारले सुनिश्चित गरेका नागरिकका अवसरहरुलाई संस्थागत गर्ने जिम्मेवारी पनि स्थानीय तहको हो ।

यी र यस्ता कानुनी तथा संवैधानिक भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि स्थानीय तहको संयन्त्र (संस्था तथा संस्थागत प्रणाली, मानव संसाधन, सरोकारवाला समूहसँग भएको समष्टिगत क्षमता, दक्षता, सीप, काम गर्ने तौर तरिका, जिम्मेवारी बोध, स्रोत साधनहरुको उपलब्धता, समन्वयात्मक कार्य तथा जवाफदेहिताको एकीकृत स्थिति/अवस्था) लाई “संस्थागत क्षमता” भित्र राखेर हेरिनु सान्दर्भिक हुन्छ ।

*तालिका ५* : स्थानीय सरकारका जिम्मेवारीहरु

| क्र.स. | मुख्य विकास क्षेत्र | स्थानीयतहका एकल अधिकार/कार्यादेश | साझा अधिकार | दीगोविकास लक्ष |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २. सहकारी<br>१०. स्थानीय बजार व्यवस्थापन<br>११. ग्रामीण सडक, कृषि सडक, सिचाइ<br>१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी<br>१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १. सहकारी<br>४. कृषि<br>१०. गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन<br>१४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | लक्ष्य १: गरिबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक वृद्धि<br>लक्ष्य १०: असमानतामा कमी |
| २ | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा<br>९. आधारभूत स्वास्थ्य र सरसफाइ (ढल निकास) व्यवस्था<br>१६. ज्येष्ठ नागरिक, अपा·ता भएका व्यक्ति अशक्तहरूको व्यवस्थापन<br>१७. बेरोजगारको तथ्याङ्क संकलन<br>१९. खानेपानी<br>२२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | २. शिक्षा, खेलकुद र पत्रपत्रिका<br>३. स्वास्थ्य<br>५. खानेपानी<br>१०. सामाजिक सुरक्षा | लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन<br>लक्ष्य ४: गुणस्तरीय शिक्षा<br>लक्ष्य ५: लैङ्गिक समानता<br>लक्ष्य ६: स्वच्छ पानी तथा सरसफाइ |
| ३ | पूर्वाधार विकास | ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू,<br>११. स्थानीय सडक, ग्रामीण सडक कृषि सडक सिचाइ<br>१४. घर जग्गा धनी पुर्जा वितरण,<br>१९. खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, | ५. विद्युत, सि“चाइ<br>१५. सवारी साधन अनुमति | लक्ष्य ७: धान्न सक्ने तथा सफा ऊर्जा<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय |
| ४ | वातावरण व्यवस्थापन | ९. सरसफाइ (फोहरमैला व्यवस्थापन)<br>१०. वातावरण संरक्षण र जैविक विविधता<br>२०. विपद् व्यवस्थापन<br>२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८. खानी तथा खनिज<br>९. विपद् व्यवस्थापन | लक्ष्य १२: उत्तरदायी उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु कार्य<br>लक्ष्य १५: जमिनमाथिको जीवन |
| ५ | संस्थागत विकास तथा सुशासन | १. नगर प्रहरी<br>३. एफ.एम (रेडियो सञ्चालन<br>४. स्थानीय कर: (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटक शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर र मालपोत संकलन ।<br>५. स्थानीय सेवाको व्यवस्थापन<br>६. स्थानीय तथ्यांक र अभिलेख संकलन<br>१२. गा“उ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | २. पत्रपत्रिका<br>६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, शुल्क<br>११. व्यक्तिगत घटना दर्ता, जन्म, मृत्यु, विवाह र तथ्याङ्क<br>१२. पुरातङ्ग्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६: शान्ति तथा न्यायपूर्ण/बलियो संस्था<br>लक्ष्य १७: बहुसरोकार साझेदारी |

## ३.३ स्थानीय तहको क्षमता विकासका क्षेत्र तथा अन्तर्सम्बन्धित विषयवस्तुहरु

कुनै एक ढाँचा वा कार्य शैलीमा अभ्यस्त मानव साधन र शासकीय प्रबन्ध, तौर तरिकामा स्थापित पुराना पद्धतिहरुसँग सामिप्य संयन्त्र नयाँ ढाँचामा रुपान्तिरित हुँदा दैनिक कार्य शैलीमा असहजता थपिन सक्छ । अर्कोतर्फ प्रशासनिक र सेवाप्रवाह कार्यमा जवर्जस्त प्रवेश भएको विद्युतीय वा प्रविधिमा आधारित स्थानीय प्रशासन पुरानो ढाँचामा अभ्यस्त मानव साधनका लागि चुनौतीको विषय बनेको छ । पुरानो ढाँचामा तयार भएका कार्यालय भवन, औजार, उपकरण आदिमा प्रविधिको प्रयोग बढेको छ । यसले बदलिएको वा समकालिन ढाँचाको सेवा प्रवाह र सिंगो स्थानीय तहका क्रियाकलापहरुमा चुनौती थपेको छ ।

समष्टिगत स्थानीय विकासका विषयवस्तुहरु लाई स्थानीय तह योजना तर्जुमा दिग्दर्शन २०७६ ले पाँचवटा मूख्य विषयहरुमा विभाजन गरेको छ । संविधानको अनुसूची ८ र ९ का साथै १७ मध्ये १६ वटा दीगो विकास लक्ष्यहरुलाई दिग्दर्शनले पहिचान गरेका क्षेत्रगत विषयहरुमा अन्तर सम्बन्धित हुने गरी स्थानीय विकास योजनामा समायोजन गर्न सकिन्छ (तालिका १)। सक्षम स्थानीय संयन्त्रले स्थानीय विकासको आवश्यकता पुरा गर्दै संविधानको अनुसूचीमा सुचिकृत एकल तथा साझा अधिकारहरु, दीगो विकास लक्ष्य तथा प्रादेशिक र राष्ट्रिय महत्वका योजना कार्यान्वयन गर्न साझेदारीमा सहजीकरण तथा राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान पुर्याउँदछ । प्रत्येक स्थानीय तहको आःआफ्नै विशेषता हुन्छ जुन राष्ट्र निर्माणका लागि केहि न केहि नयाँपन दिन सक्छ ।

## ३.४ स्थानीय तहको संस्थागत क्षमता विकासका तीन आयामहरु

स्थानीय तहबाट वितरित सेवाहरु, सम्पादन भएका कार्यहरु, सम्पन्न भएका वार्षिक, आवधिक र विषयगत योजनाहरुको प्रतिफल अथवा स्थानीय तहले हालसम्म प्राप्त गरेको उपलब्धि स्थानीय तहका फरक फरक घटकहरुको संयुक्त प्रयासबाट प्राप्त भएको परिणाम हो । स्थानीय शासन र विकास प्रक्रियालाई प्रभाव पार्ने मुख्य अवयवहरु मा संस्थागत संरचना, स्थानीय तह सञ्चालन तथा व्यवस्थापन र नागरिक नेतृत्व हुन् । अर्थात् स्थानीय तहका क्रियाकलापहरुबाट अहिले जे जस्ता उपलब्धि भएका छन् त्यसमा निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय तहमा खटिने कर्मचारीहरु र स्थानीय तहमा उपलब्ध साधन स्रोतहरुको संयुक्त योगदान छ । त्यस बाहेक स्थानीय तहसँगको साझेदारीमा काम गर्ने स्थानीय सङ्घ संस्था, निजी क्षेत्र आदिबाट स्थानीय विकासमा हुने योगदान अर्को महत्वपूर्ण विषय हो । यो अवस्थामा स्थानीय तहको क्षमता विकासलाई त्रि-आयामिक विधि (Approach) बाट हेरिनु सान्दर्भिक हुन्छ ।




*चित्र १* : क्षमता विकासका तीन आयामहरु

**क) पहिलो आयाम : संस्थागत संरचना तथा स्थापित प्रणालीमा सुधार**

संविधान तथा वर्तमान कानुनहरुले स्थानीय तहका लागि तोकेका जिम्मेवारीहरु पुरा गर्न र स्थानीय विकास तथा नागरिक सेवाका कार्य गर्न विविध आयाम तथा प्रविधिहरुको आवश्यकता पर्छ । स्थानीय शासन, विकास निर्माण र सेवा प्रवाहमा चुस्तता, विश्वसनियता, पारदर्शिता र नागरिक केन्द्रित बनाउन जति दक्ष र दुरदर्शी मानव साधनको आवश्यकता छ त्यतिकै आवश्यकता स्थानीय सरकारले प्रयोगमा ल्याएका साधन स्रोतहरुको उत्कृष्टतामा छ । ठूला निर्माण मात्र नभएर कार्यालयको विद्युत आपूर्ति, इन्टरनेट सेवा, प्रिन्टर वा फोटोकपि, क्यामरा तथा सवारी साधनहरु व्यवस्थित र चुस्त हुनु जरुरी हुन्छ । यस्ता सामग्री दीगो नभए स्थानीय तहको दैनिक कार्य सम्पादनमा समस्या उत्पन्न हुन थाल्दछ । हाम्रो सन्दर्भमा स्थानीय तहको संरचना (भवन, कार्यालय सामग्री, यन्त्र उपकरण आदि) अद्यावधिक वा दुरुस्त राख्नु या बैकल्पिक व्यवस्था मिलाउनुले पनि दैनिक कार्य सञ्चालनमा सहजता थप्छ ।

**ख) दोस्रो आयाम : मानव संसाधन क्षमता विकास तथा व्यवस्थापन**

शासकिय स्वरुप बदलिएसँगै शासन प्रक्रियाका विधि, ढाँचा तथा तौर तरिकामा पनि परिवर्तन हुनु स्वभाविक प्रक्रिया हो । नागरिकहरुको अपेक्षा तथा रोजाइका आधारमा देशको शासन पद्धति बदलिन्छ र नयाँ ढाँचा, विधि तथा प्रणाली परिमार्जन हुन्छन् या बदलिन्छन् । हाम्रो शासकीय ढाँचा केन्द्रिकृतबाट संघात्मकता तर्फ बदलिएको छ तर संस्थागत रुपमा परिपक्क भइनसकेको अवस्था छ । यो अवस्थामा स्थानीय तहको प्रशासनिक, विकास निर्माण र व्यवस्थापकीय कार्य गर्न आवश्यक पर्ने उच्च क्षमताको मानव साधन दुई तरिकाले व्यवस्था गर्न सकिन्छ । (क) सरकारको माथिल्लो तहसँग समन्वय गरी दक्ष कर्मचारी आपुर्ति गर्न पहल गर्नु । (ख) हाल उपलब्ध मानव साधनको क्षमता विश्लेषण गरी आवश्यक सीप र क्षमता विकास गराउनु । अन्य ठाउँबाट उच्च क्षमताका र सीपयुक्त मानव साधन आपूर्ति गर्न त्यति सहज छैन । बरु उपलब्ध मानव साधनलाई आवश्यक सीप वा ज्ञान प्राप्त गर्न सहजीकरण गर्नु र बहालवाला मानव साधनबाटै स्थानीय तहको कार्य सम्पादन गराउनु मनासिव हुन्छ । यस कारण पनि स्थानीय तहले स्रोत सुनिश्चितता सहित क्षमता विकास योजना बनाई चरणवद्ध कार्यान्वियन गर्नु मनासिव हुन्छ ।

**ग) तेस्रो आयाम : स्थानीय विकास साझेदार र सेवा बजारको विस्तार**

नागरिकहरुको जन जीविकासँग प्रत्यक्ष सरोकार राख्ने सवालहरु जस्तो कृषि सेवा, पशु सेवा, खानेपानी मर्मत र वितरण सेवा, स्वस्थ्य सेवा, बाली तथा पशु बीमा आदि सेवाहरु छरिएको स्थानीय वस्तीका सबै परिवारमा पुग्न र दैनिक कार्यालयका जिम्मेवारीहरु पुरा गर्न स्थानीय सरकार र वडा संयन्त्रसँग भएको सीमित जनशक्ति पर्याप्त नहुन सक्छ । हतारमा सम्पादन भएका परियोजनाहरु स्थानीय सेवाका कार्यहरुबाट उच्च गुणस्तरको कार्य सम्पादन नहुन पनि सक्छ । स्थानीय तहको जिम्मेवारी अनुरुप कार्य गर्न सक्ने ज्ञान, सीप र दक्षता भएका मानव संशाधनको उपलब्धता नहुन पनि सक्छ ।

अर्कोतर्फ स्थानीय सरकारसँग स्थानीय नागरिकलाई दिनुपर्ने सेवाहरु उनीहरुको घर दैलोसम्म बिस्तार गर्नु पर्ने जिम्मेवारी पनि छ । यसकारण स्थानीय तहबाट वितरण हुने सेवाहरुको वितरण प्रणाली भित्र रहेर स्थानीय सेवाका कार्य गर्न समूदायको विकास समूदाय बाटै वा आफ्नो विकास आफै गर्ने अवधारणा स्थापित गर्ने संयन्त्र तयार गर्ने कार्यका लागि क्षमता विकासको परिधि बढाउनु पर्ने अवस्था छ । तसर्थ स्थानीय सरकारको जिम्मेवारी पूरा गर्न परिपुरक हुने गरी सामूदायिक संयन्त्र बन्नु र त्यहि संयन्त्रको अगुवाइ वा

सहभागितामा स्थानीय आर्थिक तथा सामाजिक सेवामा कार्य सम्पादन हुने परिपाटी बस्यो भने संविधानको कार्यान्वयन र त्यसको लाभ नागरिकसम्म वितरण हुने सम्भावना बढ्नेछ ।

## ३.५ स्थानीय तहको संस्थागत क्षमता लेखाजोखा

सङ्घीयता कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा जिम्मेवारीहरु छन् । सङ्घीयता कार्यान्वयनसँगै संवैधानिक, कानुनी र नीतिगत प्रतिवद्धताहरु मार्फत नागरिक समक्ष गरिएका प्रतिवद्धताहरु आर्थिक, सामाजिक रुपान्तरणका क्रियाकलापहरु, नियमित सेवा प्रवाह जस्ता कार्यहरु गर्न सरकारका तीन वटै तह उत्तिकै जिम्मेवार र जनउत्तरदायी नबनेसम्म सङ्घर्षबाट प्राप्त गणतान्त्रिक शासन पद्धति प्रति नागरिकहरुको समर्थन, विश्वास र सहयोग गर्ने परिपाटीमा असर पर्न सक्छ । नागरिक समक्ष गरिएका प्रतिवद्धताहरु नागरिकहरुको पहुँचसम्म पुऱ्याउने र सेवा प्रवाहबाट प्राप्त प्रतिफल नागरिक समक्ष सुनिश्चित गर्ने माध्यमहरु साझा छन् र सेवा प्रवाहको उत्कृष्टता मापनका तौर तरिकाहरु पनि साझा छन् (चित्र २)। सरकारका तीनवटै तहले वार्षिक, आवधिक र विषयगत योजना बनाउँछन्, स्रोत सुनिश्चित गर्छन् र जनस्तरमा कार्यान्वयन पनि गर्छन् । यस्ता कार्यको मूख्य ध्येय संवैधानिक र नीतिगत प्रतिवद्धता नागरिक समक्ष पुऱ्याउनु र यसको प्रतिफलबाट नागरिकहरुलाई लाभान्वित बनाउनु नै हो ।




*चित्र २* : स्थानीय शासन र सेवा प्रवाह उत्कृष्टता मापनका औजारहरु

स्थानीय तहले संवैधानिक र नीतिगत प्रतिवद्धताहरु जनसमक्ष पुऱ्याउन वस्तुगत योजना बनाउनु पर्छ । स्थानीय आर्थिक तथा सामाजिक विकास, पूर्वाधार निर्माण र सेवा प्रवाहका कार्यहरु प्रचलित कानुन, विधि र प्रक्रियाका आधारमा कार्यान्वयन भएका आर्थिक, सामाजिक विकासका कार्यहरु कति प्रभावकारी भए ? भन्ने सवालमा सेवा प्रवाहको अवस्था मापन गर्न फरक फरक औजारहरु प्रयोग गर्नु पर्छ । (चित्र २) । यसरी कार्यान्वयनमा आएका योजनाहरुबाट हुने प्रतिफलको स्तरका आधारमा स्थानीय विकास तथा सेवा प्रवाहको उत्कृष्टता मापन गर्नु विधि सम्मत हुन्छ ।

### ३.५.१ लहान नगरपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा, आवश्यकता पहिचान र विश्लेषण

स्थानीय तहबाट सम्पादन गरिनु पर्ने कार्यहरु वा जिम्मेवारी बारेका विवरण यहि दस्तावेजमा (शिर्षक ३.३ तालिका १) मा राखिएको छ । उक्त तालिकामा राखिएका विषयहरुसँग सम्बन्धित र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहबाट सम्पादन हुने गरी पहिचान भएका कार्य गर्न निर्दिष्ट अनुभव, ज्ञान, सीप र दक्षता भएको मानव साधन सहित योग्य पूर्वाधार तथा स्रोत साधनहरुको आवश्यकता पर्दछ । क्षमता विकास लेखाजोखा वा क्षमता विकासको आवश्यकता पहिचान गर्दा स्थानीय तहलाई तोकिएका कार्य सम्पादन गर्ने क्रममा बहन गर्नु पर्ने जिम्मेवारी पुरा गर्ने क्रममा आइपर्ने चुनौतिहरु (पूर्वाधार, मानव साधन र सरोकारवाला निकाय) को सामना कसरी गर्ने र यसका लागि कस्ता क्षमता, सीप वा तौर तरिका हुनुपर्छ भन्ने सवालमा स्थानीय तह संस्थागत क्षमता विकास योजना दिग्दर्शन २०७६ ले विष्तृत खाका सहित दिशानिर्देश गरेको छ ।

दिग्दर्शनले स्थानीय तहको क्षमता विकासको कार्यलाई मूख्य तीन क्षेत्रमा गर्नुपर्ने र स्थानीय तहको क्षमता लेखा जोखा गर्दा शासकीय प्रणाली, स्रोत साधन र जनशक्तीको फरक फरक लेखा जोखा गरी सिकाईका आधारमा आगामी योजना बनाउने विषयलाई प्राथमिकतामा राखेको छ ।




*चित्र ३* : आवश्यकता पहिचान र विश्लेषण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७६, स्थानीय तहको व्यवस्थापन परीक्षण मापदण्ड २०७६ ले तोकेका दायरा तथा मापदण्ड भित्र रहेर स्थानीय तहको अवस्था विश्लेषण गर्ने र हालको उपलब्धि मापन गर्दा स्वः मूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन,लैससासका नतिजा, सेवाग्राही सर्वे, सार्वजनिक सुनुवाई, आन्तरिक लेखा परीक्षण लगायतले प्राप्त गरेका नतिजाहरुका आधारमा स्थानीय तहको संस्थागत क्षमता स्थिति/अवस्था पहिचान गर्ने र त्यसका आधारमा सहभागितात्मक छलफल विधिबाट आगामी तीन आर्थिक वर्षका लागि क्षमता विकासका नीति, रणनीति

तथा कार्यक्रमहरु पहिचान गर्नु मनाशिव हुने तथ्य दिग्दर्शनले उल्लेख गरेको छ । लहान नगरपालिकाको क्षमता विकास योजना आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ यिनै तथ्यमा टेकेर तयार पारिएको छ ।

### ३.५.१.१ लहान नगरपालिकाको संस्थागत स्थिति/अवस्था

लहान नगरपालिका तराई भुगोलमा रहेको र नेपालको मूख्य राजमार्ग मानिने पूर्व पश्चिम राजमार्ग नगरपालिकाको बीचबाट काटेर गएको छ । यस नगरपालिकाको २४ वडाका सबै बस्तीहरुमा यातायातको पहुँच भएको कारण यो नगरपालिकाको सबै बस्तीसँग सिधा सम्पर्क गर्न सकिने छ । यसले सेवाग्राही आवत जावतमा र ढुवानी पैठारी गर्ने काममा सहजता बनाएको छ । नगरपालिकाको आफ्नै प्रशासकीय भवन रहेको छ । २४ वटा वडाहरुमा वडाको आफ्नै वडा कार्यलय भवन रहेको छ । खानेपानी, स्वास्थ्य, सूचना प्रविधि प्रयोग, विपद् प्रतिकार्यका लागि दीर्घकालिन र पर्याप्त पूर्वाधारको कमी छ । नगरपालिकामा उपलब्ध साधन स्रोहरु र क्षमता विकासका विषय वस्तुसँग सम्बन्धित विषयहरु विशेष अनुसूचीमा राखिएको छ ।

### ३.५.१.२ नगरपालिकाको मानव संसाधन (पदाधिकारी र कर्मचारी दुबै)

संविधान र प्रचलित कानुनले तोकेका मापदण्डहरुको सिमाभित्र रहेर जनप्रतिनिधिहरुको सांगठनिक ढाँचा बनेको छ । नगरपालिका नगर प्रमुख, नगर उपप्रमुख, २४ वटा वडाका जनप्रतिनिधि र मनोनित ८ जना कार्यपालिका सदस्य सहित कुल ३४ जनाको समूहले लहान नगरपालिकाको नेतृत्व गरिरहेका छन् । कार्यपालिका कार्यपालिका सदस्यमा ३३.३३ प्रतिशत महिला रहेकाछन् । हालको वडा नेतृत्व निर्वाचित हुँदा प्रति वडा एकजना दलित महिला सदस्य निर्वाचित हुनै पर्ने संवैधानिक प्रावधान भएकाले मात्रै एकजना दलित महिला सदस्य निर्वाचित भएको यो संरचनाले देखाएको हो । सबै वडा कार्यालयहरु र नगरपालिका केन्द्रमा आवश्यक कर्मचारी आपूर्ति भएको छ । कर्मचारीको सङ्घठनात्मक ढाँचा अनुसूची २ राखिएको छ ।

### ३.५.२ मानव संसाधन क्षमता विकास तथा व्यवस्थापनः एक परिचय

संविधानको अनुसूची ८ र ९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४, प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन २०७४ लगायतका ऐनहरुले स्थानीय तहका लागि दुई फरक फरक जिम्मेवारी भएका मानव संसाधनको समूहलाई फरक फरक ढाँचाको कार्य विवरण सहित जिम्मेवारी तोकेको छ । एकातर्फ नागरिकहरुको समर्थन प्राप्त जनप्रतिनिधिहरुको समूह छ भने अर्कोतर्फ स्थानीय तहको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी लिएको राष्ट्र सेवक कर्मचारीहरुको समूह छ । यी दुबै समूहका कार्य विवरण फरक फरक छन् (तालिका : ६) र प्रभावकारी कार्य सञ्चालनका लागि फरक फरक चुनौतीहरु पनि छन् तर पनि स्थानीय सेवा प्रवाह उत्कृष्टताका लागि यी दुबै समूहको एकीकृत, समायोजित र परिपूरक भूमिका अपरिहार्य छ ।

*तालिका ६ : कार्य विवरण*

| क्र. सं | जनप्रतिनिधि | | कर्मचारी |
|---|---|---|---|
| १ | स्थानीय सभा व्यवस्थापन | १ | विकास व्यवस्थापन |
| २ | कार्यपालिका बैठक व्यवस्थापन र निर्णय प्रक्रिया | | |
| ३ | दूरदृष्टि र रणनीतिक (आवधिक वा एकीकृत) नगर | | |

| | | | |
|---|---|---|---|
| | विकास योजना | | |
| ४ | स्थानीय ऐन कानून तर्जुमा र कार्यान्वयन | २ | संगठन व्यवस्थापन |
| ५ | संगठन तथा व्यवस्थापन विकास | | |
| ६ | वडा कार्यालय व्यवस्थापन | ३ | वित्तीय व्यवस्थापन |
| ७ | न्यायिक समितिको कार्यप्रणाली तथा कार्य सम्पादन | | |
| ८ | समिति, उप समितिहरूको परिचालन | ४ | सूचना व्यवस्थापन |
| ९ | सामाजिक समावेशीकरण तथा निर्णय प्रक्रियामा सहभागिता | | |
| १० | सहकार्य, समन्वय र साझेदारिता | ५ | सुशासन |
| ११ | पारदर्शिता तथा गुनासो सुन्ने प्रणाली | | |
| १२ | अनुगमन तथा मूल्याङ्कन | ६ | समन्वय र सहकार्य |
| १३ | संस्थागत मूल्य तथा मान्यता | | |
| *स्रोतः स्थानीय सरकार सञ्चालन ऐन संविधान* | | | |

दिग्दर्शनको अनुसूची ५ (क) ले, संविधानको अनुसूची ८ र ९ मा व्यवस्था भएका स्थानीय सरकारका एकल र साझा अधिकारहरुको कार्यान्वयन र प्रयोग बारेको हालको वस्तुस्थितिको लेखाजोखा गर्ने तरिका बारेमा व्याख्या गर्छ भने अनुसूची ५ (ख) ले एकल र साझा अधिकारहरुको कार्यान्वयन र प्रयोग गर्दा स्थानीय तहलाई के कस्ता नीति, ऐन, कार्यविधिहरु आवश्यक पर्छन् र यस्ता औजारहरुको व्यवस्था गर्ने कार्यमा स्थानीय तह कति संवेदनशील छ र कानुनी औजारहरुको निर्माण तथा प्रयोग बारेको वस्तुस्थिति कस्तो छ भन्ने विषयको लेखाजोखा गर्छ । अनुसूची ५ कै (ग) मा स्थानीय संयन्त्रले स्थानीय तह सञ्चालनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरु यन्त्र उपकरणहरु, कार्यालय सामग्री र दक्ष कर्मचारीहरुको आपूर्तिको अवस्था कस्तो छ र यो समय सापेक्ष कति क्षमतावान छ भन्ने सवालमा लेखाजोखा गर्छ ।

### ३.५.३ लहान नगरपालिकाको माग र आपूर्तिमा आधारित क्षमता विश्लेषण

दिग्दर्शन अनुसूचि २ अन्तर्गतका मागमा आधारित क्षमता विकास क्षेत्र जस्तैः विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन र समन्वय र सहकार्य जस्ता विषयहरुका अतिरिक्त मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापडण्ड निर्धारण जस्ता अतिरिक्त विषयहरु माथि शाखागत रुपमा छलफलबाट भएका सिकाईहरुलाई क्षमता विकास विषयवस्तुको आधार मानिएको छ । अनुसूचि ५ को आपूर्तिमा आधारित क्षमताको लेखाजोखा गर्दा स्थानीय तहका एकल अधिकार प्रयोगको समष्टिगत अवस्थालाई आधार मानिएको छ ।

## ३.६ लहान नगरपालिकाको समष्टिगत क्षमता विकास लेखाजोखा

### ३.६.१ मागमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखाः

दिग्दर्शनको अनुसूचि २ अन्तर्गतका क्षमता विकास क्षेत्र जस्तैः विकास व्यवस्थापन, संस्थागत संरचना तथा संगठन व्यवस्थापन, वित्तिय व्यवस्थापन, सूचना व्यवस्थापन, सुशासन, समन्वय र सहकार्य जस्ता व्यवस्थापकीय विषयहरुसँग सम्बन्धित क्रियाकलापहरुको कार्यान्वयन स्थिति विस्तृत रुपमा छलफल गर्न

विषयगत शाखा प्रमुख, वडा सचिव, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य इकाई प्रमुख र सम्बन्धित शाखाका कर्मचारीहरुसँग सहभागितात्मक छलफल गरी मागमा आधारित क्षमता विकास आवश्यकता विश्लेषण गरिएको र सिकाइका आधारमा सुधार गर्नुपर्ने पक्षहरुलाई योजनामा समावेश गरिएको छ । मागमा आधारित क्षमता विकास लेखा जोखाको विस्तृत विवरण यो दस्तावेवको अनुसूची ३ मा राखिएको छ ।

### ३.६.२ नेतृत्व तहको क्षमता विकास आवश्यकता लेखाजोखा

क्षेत्रगत रुपमा आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण र सुशासनसँग सम्बन्धित स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुका तर्फबाट गरिनुपर्ने एकल तथा साझा अधिकार र वर्तमान ऐन कानुनले तोकेका कार्यहरु कार्यान्वयन गर्न लहान नगरपालिकाको नेतृत्वले के कस्ता प्रयास गरेको छ, सम्भावित चुनौतिहरु कहाँ छन्, समस्या समाधानका लागि के गर्नु पर्छ ? भन्ने विषयमा नगरपालिका नेतृत्व, विषयगत समितिका संयोजक, कार्यपालिका सदस्य, वडाका प्रतिनिधिहरुसँगको सहभागितात्मक छलफलबाट क्षमता विकास आवश्यकता विश्लेषण गरिएको (दिग्दर्शनको अनुसूची ३ मा आधारित) र सिकाइका आधारमा सुधार गर्नुपर्ने पक्षहरुलाई योजनामा समावेश गरिएको छ ।  नेतृत्व तहको क्षमता विकास लेखा जोखाको विस्तृत विवरण यो दस्तावेवको अनुसूची ४ मा राखिएको छ ।

### ३.६.३ आपूर्तिमा आधारित क्षमता विकास आवश्यकताको लेखाजोखा

दिग्दर्शनको अनुसूची ५ (क) अन्तर्गत अनुसूची ८ र ९ का एकल र साझा अधिकारहरुको कार्यान्वयन र प्रयोग बारेको हालको वस्तुस्थिति विश्लेषण गरी क्षमता विकास आवश्यकता पहिचान गरिएको छ भने अनुसूची ५ (ख) अनुसार स्थानीय तहका अधिकार प्रयोग गर्दा स्थानीय तहलाई आवश्यक पर्ने के कस्ता नीति, ऐन, कार्यविधिहरु तयार गरी प्रयोगमा ल्याइएका छन् भन्ने सवालमा अध्ययन गरिएको छ । त्यसैगरी अनुसूची ५ (ग) अनुसार नगरपालिकाको भौतिक पूर्वाधारहरु, यन्त्र उपकरणहरु, कार्यालय सामग्री र दक्ष कर्मचारीहरुको आपूर्तिको अवस्था बारे विश्लेषण गरी आवश्यकता पहिचान गरिएको छ । दिग्दर्शनको अनुसूची ५ अन्तर्गतका विषयहरुको विस्तृत विश्लेषण यो दस्तावेजको अनुसूची ५ मा राखिएको छ ।

### ३.६.४ मानव संसाधन क्षमता विकास आवश्यकताबारेको लेखाजोखा

क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६ को अनुसूची २ र ३ ले स्थानीय तह सञ्चालनका क्रममा आवश्यक पर्ने प्रणालीगत औजारहरु (योजना, नीति, कार्यक्रम, ऐन, कार्यविधिहरु) को व्यवस्था र प्रयोग बारेको स्थिति के कस्तो छ भन्ने बारेमा लेखा जोखा गर्छ । यसमा मूख्य विकासका क्षेत्रहरु र स्थानीय तह सञ्चालन र व्यवस्थापनका विषयसँग सम्बन्धित कार्यहरुको विश्लेषण अनुसूची २ गन्तर्गत भएको छ । दिग्दर्शनको अनुसूची ८ र ९ ले अनुसूची २ अन्तर्गत भएका व्यवस्थाहरुको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र स्थानीय तहको समग्र सञ्चालनका लागि आवश्यक पर्ने मानव साधनको क्षमता स्थिति विश्लेषण गर्छ । अनुसूची ८ ले मानव संसाधनको क्षमता लेखा जोखा ढाँचा बारे विश्लेषण गर्छ र अनुसूची ९ ले पदीय हिसावले कुन जिम्मेवारीका मानव साधनलाई के सम्बन्धी क्षमता विकास आवश्यकता छ ? भन्ने बारेको विश्लेषण गर्छ । लहान नगरपालिकाको मानव संसाधन क्षमता विकास आवश्यकता विश्लेषण गर्दा दिग्दर्शनका यिनै अनुसूची ८ र ९ लाई प्रयोग गरिएको छ । मानव संसाधन क्षमता विकास आवश्यकता विश्लेषणको विस्तृत विवरण यो दस्तावेजको अनुसूची ६ मा राखिएको छ ।

## ३.७ सेवा बजारहरुको क्षमता विकास आवश्यकताको लेखाजोखा

स्थानीय तहबाट वितरित कतिपय सेवाहरु स्थानीय नागरिकको घरसम्मै पुऱ्याउनु पर्ने अवस्था छ । कृषि सेवा, पशु सेवा, खानेपानीहरुको मर्मत सेवा, बाली तथा पशु बीमा सेवा, पकेट क्षेत्र विकास सेवा, मानव स्वास्थ्य सेवा, विपद व्यवस्थापन, प्रकोप नियन्त्रण आदि यसका उदाहारणहरु हुन् । यस्ता सेवाहरु नगरपालिका तथा वडामा रहेको सीमित जनशक्ति बाट मात्र सम्भव नहुन पनि सक्छ भने स्थानीय नागरिक यस्ता सेवा उपभोगको लाभ लिन असमर्थ पनि हुन सक्दछन् । यस कारण यस्ता पटके सेवाहरु समुदाय तहसम्म विस्तार गर्न समुदायमा आधारित सञ्जाल बन्नु सान्दर्भिक हुन्छ । यसका लागि समुदाय स्तरमै उपलब्ध जनशक्तिलाई सीप सिकाएर परिचालन गर्दा नगरपालिकाबाट वितरण हुनुपर्ने पटके सेवाहरु स्थानीय स्तर बाटै प्रवाह हुन सक्ने र स्थानीय सीपले स्थानीय समुदायमा नै बजार पाउने तथ्यलाइ आधार मानेर लहान नगरपालिकाको सेवा बजार बारेको क्षमता आवश्यकता विश्लेषण गरिएको छ । यसको विस्तृत विवरण अनुसूची ६ मा राखिएको छ ।

## परिच्छेद चार : समष्टिगत  योजना खाका

## ४.१ स्थानीय सरकारको संस्थागत क्षमता विकास योजना

क्षमता विकासका तीन फरक फरक तर अन्योन्याश्रित क्षेत्र छन् । स्थानीय विकासका लागि यी तीन पक्षहरुको समायोजित, जिम्मेवार र परिपुरक भूमिका अति आवश्यक छ । तीन मध्ये कुनै एक पक्ष जस्तो सक्षम मानव साधन तर कमजोर संस्थागत प्रणाली भयो भने वा सक्षम संस्थागत संयन्त्र र सक्षम मानव साधन हुँदाहुँदै पनि सेवा बजारको समन्वय कमजोर भयो भने स्थानीय तहले लिएको लक्ष्य पूरा गर्न चूनौतीपूर्ण हुन्छ । क) स्थानीय तहबाट वितरित सेवा र सम्पादन भएका कार्यहरुको गुणस्तरमा स्थानीय संयन्त्रसँग भएका पूर्वाधार, कार्यालय प्रयोजनमा आउने यन्त्र उपकरण र सामग्रीहरु ख) स्थानीय संयन्त्रसँग आवद्ध मानव साधन (पदाधिकारी र कर्मचारी दुबै) ग) स्थानीय तहसँग आवद्ध भई कार्य गर्ने नीजि, सामुदायिक र सार्वजनिक क्षेत्र (स्थानीय ठेकेदार, वन उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति, उद्योग वाणिज्य सङ्घ, ढुवानी, सहकारीकर्मी, स्थानीय क्लब आदि) । स्थानीय विकासमा सेवा बजारको योगदान महत्वपूर्ण हुन्छ र सेवा क्षेत्रको दिगो समर्थन, सहयोग र सहभागिता रह्यो भने स्थानीय तहले कार्यान्वयन गर्ने विकास निर्माण, स्रोत परिचालन, आर्थिक वृद्धि, सामाजिक स्तरोन्नति लगायतका सवालहरुमा गुणात्मक प्रतिफल प्राप्त हुने अवस्था रहन्छ । लहान नगरपालिकाको क्षमता विकास योजना तयार गर्दा नगरपालिकाको हालको संस्थागत क्षमता कस्तो छ ? भन्ने सवालमा मूख्य २ वटा क्रियाकलापहरु गरी त्यसको आधारमा संस्थागत क्षमता स्थितिको आंकलन गरिएको छ ।

## ४.२ मानव संसाधन विकास

स्थानीय तह, राज्यका तर्फबाट गरिने विकास निर्माण तथा सेवा वितरणको स्थानीय इकाई हो भने आम नागरिक चासोलाई नागरिक तहसँग बसेर सम्बोधन गर्ने स्थानीय अविभावक पनि हो । यस कारण स्थानीय तह प्रतिको नागरिक सद्भाव, विश्वास र अपनत्वको आधार स्थानीय संयन्त्र (जनप्रतिनिधि, संस्थागत संरचना तथा कर्मचारीहरुले नागरिकसँग गरिने व्यवहार, उत्प्रेरणा, सहयोगीपन, सेवा तत्परता) आदिले निर्धारण गर्दछ । तसर्थ मानव संशाधन विकासलाई तालिम, गोष्ठी, अवलोकन, कार्यशाला जस्ता प्राविधिक कार्यको माध्यमबाट प्राप्त हुने ज्ञान, सीपभन्दा पनि व्यक्तिको प्रभाव, आचरण, जिम्मेवारी बोध, धैर्यता, शहनशिलता जस्ता विषयहरुलाई समेत ध्यानमा राखेर कार्य प्रकृति अनुसारको कार्य सम्पादन, क्षमता बढाउनु सान्दर्भिक हुन जान्छ ।

स्थानीय तहको सन्दर्भमा यहाँ आवद्ध मानव साधन (पदाधिकारी, कर्मचारी र सेवा बजारका घटकहरु) सिंगो स्थानीय संयन्त्रको इकाई हुन् जस्तो घरको पर्खालमा प्रयोग हुने ईट्टा तसर्थ कुनै एक इकाईबाट गरिने कार्य, व्यवहार वा जिम्मेवारीले सिंगो संस्थाको पहिचान बोकेको हुन्छ । लहान नगरपालिकाको क्षमता विकास योजना दस्तावेजले यहाँ आवद्ध मानव साधनको जिम्मेवारी प्रतिको ज्ञान, सीप तथा दक्षता सहित उनीहरुको नैतिक तथा मानवीय चिन्तनलाई समेत ख्याल गरिएको छ ।

## ४.३ स्थानीय शासन र सेवाप्रवाह बारेको  समष्टिगत अवस्था विष्लेषण

हालको संस्थागत स्थिति, मानव साधन साझेदारहरुको उपस्थिति आदिको वस्तुस्थिति विश्लेषण गरी प्राप्त सिकाइहरुका आधारमा लहान नगपालिकाको अवस्था विश्लेषण गरिएको छ ।

*तालिका ७ : समस्या, सभावना विश्लेषण (SWOT)*

| क्र.सं. | सवल पक्ष (Strengths) | क्र.सं. | सुधार गर्नुपर्ने पक्ष (Weakness) |
|---|---|---|---|
| १ | निर्दिष्ट उद्देश्य र प्रतिवद्धता सहित नागरिकहरुको विश्वास र समर्थन प्राप्त जनप्रतिनिधिहरु । | १ | वार्षिक कार्यक्रम बन्दा कार्यक्रमका लागि आवश्यक बजेट निर्धारण गर्दा आवधिक योजना र मध्यकालिन खर्च संरचनासँग प्रत्यक्ष तालमेल नभएको । |
| २ | कर्मचारी परिचालनमा निर्वाचित जनप्रतिनिधिहरुको समान धारणा बन्नु । | २ | संविधानको अनुसूची ८ ले दिएका एकल अधिकार र अनुसूची ९ ले दिएका साझा अधिकार कहाँ, कसरी प्रयोग हुन्छन् र दिगो विकास लक्ष्य कसरी स्थानीयकरण हुन्छन् भन्ने बारेको सीप पदाधिकारीहरुमा कम भएको । |
| ३ | स्थानीय तहका लागि संविधानले निर्दिष्ट गरेका एकल अधिकारहरुको प्रयोग गर्न आवश्यक पर्ने न्यूनतम ऐन कानुनहरु बन्नु । | ३ | तथ्याङ्क र सूचनाको स्थानीय विकास निर्माणमा कति महत्व हुन्छ र यसको सरल, द्रुत र तटस्थ प्रणाली किन आवश्यक पर्छ र कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने बारेको बुझाई कमजोर भएको । |
| ४ | स्थानीय सुशासन, सेवा प्रवाह, विकास निर्माण लगायतका कार्यहरु चुस्त र दुरुस्त गर्न आवश्यक पर्ने सूचना प्रविधिसँग सम्बन्धित पूर्वाधारहरु तयार हुनु । | ४ | मूख्य नेतृत्वसँग वडा, कार्यपालिका र मनोनित प्रतिनधिहरुबाट स्थानीय विकास निर्माणको कार्य प्रक्रियाबारे गुनासा आईरहने गरेको । |
| ५ | वार्षिक नीति तथा कार्यक्रम छनौट गर्दा, प्राथमिकिकरण तोक्दा, कार्यक्रमको लागत पहिचान गर्दा, सर्वसम्मत परिपाटी बस्नु र नेपाल सरकारले तोकेको समय भित्रै वार्षिक नीति तथा कार्यक्रम पारित हुनु । | ५ | स्थानीय राजस्वका सम्भावित अवसरहरु र दायरा बढाउने कार्यमा जनप्रतिनिधिहरु बीच फरक धारणा रहेको । |
| ६ | लक्षित वर्ग (अपाङ्गता भएका व्यक्ति, विपन्न, ज्येष्ठ नागरिक र पिछडिएको क्षेत्र तथा समूदाय आदि) का सवाललाई योजना तथा कार्यक्रमहरुमा विशेष प्राथमिका दिनु । | ६ | नगरपालिकाले करदाता शिक्षा, करदाता अभिमुखीकरण र कर तिर्नु पर्छ भन्ने बारेको नैतिक जिम्मेवारी सबै नागरिक सम्म नपुगेकाले कर प्रति नागरिकहरुको धारणा सन्तोषजनक नरहेको । |
| ७ | बाढी, डुवान, भूक्षय, पहिरो, आगलागी, शितलहर र अन्य विपद् प्रतिकार्य गर्न टोल विकास संस्था, यूवा समूह र स्थानीय सुरक्षा इकाईहरुसँग नगरपालिकाको साझा संयन्त्र बन्नु । | ७ | स्थानीय प्राकृतिक स्रोत साधनहरुः- गिटी बालुवा, ढुंगा, सामूदायिक वन, पर्यटकीय स्थल, स्थानीय सवारी, सार्वजानिक स्थलमा राखिएका होर्डिङ्ग बोर्ड लगायतका नगरपालिकाको आन्तरिक आयमा योगदान पुऱ्याउन सक्ने माध्यमहरुको नियमन, व्यवस्थापन र स्थानीय कोष परिचालन गर्ने बारेका ऐन, कार्यविधि आदि बने पनि यसको कार्यन्वयन पक्ष फितलो र कमजोर रहको । |
| | अवसर (Opportunity) | क्र.सं. | चुनौती (Threats) |
| १ | स्थानीय प्राकृतिक स्रोत साधनहरु (गिटी बालुवा, ढुंगा, सामूदायिक वन, पर्यटकीय स्थल, स्थानीय सवारी, सार्वजानिक स्थलमा राखिएका होर्डिङ्ग बोर्ड लगायतका नगरपालिकाको आन्तरिक आयमा योगदान पुऱ्याउन सक्ने माध्यमहरुको नियमन, व्यवस्थापन र स्थानीय कोष परिचालन गर्ने | १ | संविधान, कानुन, विधि, प्रकृयाको दायरा भित्र रहेर साझा नेतृत्व, तटस्थ भूमिका, उत्प्रेरणात्मक कार्यशैलीको विकास गर्न समूहगत स्वार्थबाट जनप्रतिनिधिहरुलाई माथि उठाउन । |

| | | | |
|---|---|---|---|
| | बारेका ऐन, कार्यविधि बनाई प्रभावकारी कार्यान्वयन गर्न सकिने । | | |
| २ | श्रम पलायन, वन्यजन्तुको असर, कृषि साधनहरुको अभाव, परम्परागत सिंचाई आदिका कारण कृषि भूमिको क्षेत्र निष्कृय बन्दै गएको अवस्थामा नगरपालिकाले निश्चित समयका लागि परीक्षणमा आधारित कृषि पकेट क्षेत्र विकासका नमुना कार्यक्रम सञ्चालन गरी कृषकहरुलाई व्यवसायिक खेती तर्फ आकर्षित गर्न सहज । | २ | निर्वाचित जनप्रतिनिधिहरुलाई संविधान, दिगो विकास लक्ष्य, अन्तराष्ट्रिय प्रतिवद्धता, सङ्घीय र प्रादेशिक कानुन आदिका बारेमा अध्ययन गर्न यस्ता प्राबधानहरुलाई स्थानीय विकास प्रकृयामा कसरी समायोजन गर्ने भन्ने बारेको सीप सिक्न, सहभागी हुन र त्यस अनुरुपका कार्यहरुको प्रतिफल कसरी मापन गर्न सकिन्छ भन्ने बारेको सीप हासिल गर्न आवश्यक पर्ने समय छुट्याउन । |
| ३ | पूर्वपश्चिम राजमार्गले नगरपालिकाको बीचबाट गएको हुँदा अन्य ठूला शहर शहर, सदरमुकामसँग सिधा सम्पर्क हुनु । नगरपालिकाका ठूला फाँटहरमा कृषिको राम्रो उत्पादन गर्न सकिन्छ । | ३ | नीजि र सामुदायिक साझेदारहरूसँग समन्वय गरी स्थानीय उत्पादनको विविधिकरण र वजार सञ्जाल तयार गर्न । |
| ४ | नगरपालिकामा प्रसस्त कृषि योग्य भूमि भएकाले बाह्रै महिना तरकारी, फलफुल, पशुपालन गर्न राम्रो सम्भावना हुनु । | ४ | उत्पादित बस्तुको खुला बजारीकरण गर्न र प्रतिस्पर्धा गर्न । |

## ४.४ लहान नगरपालिकाको क्षमता विकास योजना (आ.व. २०८२/८३ देखि २०८४/८५)

### ४.४.१ पृष्ठभूमि

लहान नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेका जिम्मेवारी संविधानको अनुसूची ८ ले व्यवस्था गरेका एकल अधिकार र अनुसूची ९ ले व्यवस्था गरेका साझा अधिकारको प्रयोग र कार्यान्वयन सम्बन्धमा विषयगत तथा क्षेत्रगत विश्लेषण गरी सेवा विस्तारको हालको वस्तुस्थिति पहिचान भएको छ । विश्लेषण गर्दा स्थानीय तहको संस्थागत प्रणालीको अवस्था, मानव साधन आपूर्तिको अवस्था र नगरपालिकाबाट सम्पादन हुने कार्यहरुमा साझेदारी गर्ने स्थानीय सङ्घसंस्था (सेवा बजार) हरुको त्रि-आयामिक स्थिति विश्लेषण भएको छ । यो दस्तावेजको परिच्छेद ३ मा विश्लेषण भएका स्थानीय सरकारका जिम्मेवारीहरु, स्थानीय संयन्त्रलाई आवश्यक पर्ने संस्थागत संयन्त्रहरु, निर्वाचित जनप्रतिनिधिहरुले लिईनुपर्ने जिम्मेवारीहरु वा पूरा गर्नुपर्ने कर्तव्यहरु र बहालवाला कर्मचारीहरुलाई दिईएको कार्य विवरण र मानव संसाधनको परिचालनबाट प्राप्त भएको उपलब्धि समेतलाई विश्लेषण गरी नगरपालिकाको समष्टिगत संस्थागत स्थिति, स्रोत साधन र मानव स्रोतको एकीकृत संस्थागत क्षमता विकास आवश्यकता पहिचान भएको छ । पहिचान भएका विषय वस्तुहरुलाई आधार मानेर लहान नगरपालिकाका त्रि-वर्षीय संस्थागत विकास योजना आ.व. २०८२/८३ देखि २०८४/८५ तयार गरिएको छ ।

### ४.४.२ सोच

लहान नगरपालिकाको समग्र दीर्घकालीन सोच :

**"हाम्रो संकल्प, हाम्रो जिम्मेवारी : शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, गरिबी न्यूनीकरण र रोजगारी"**

यहि समग्र सोचलाई आधार मानी नगरपालिकाको निम्न उल्खित लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिहरु तयार गरिएको छ ।

**लक्ष्य**

- प्रभावकारी योजना तर्जुमा र कार्यान्वयनद्वारा नगरपालिकाको सेवा सुविधालाई चुस्त, दुरुस्त र पारदर्शी बनाउनु ।

**उद्देश्य**

- स्थानीयवासीलाई सहज र सरल तरिकाबाट सेवा सुविधा पुऱ्याउनु ।
- स्थानीय तहको कार्य सम्पादन र सेवाप्रवाह परिणाममुखी, चुस्त र पारदर्शी बनाउने ।
- जनता प्रति उत्तरदायी र जवाफदेही शासन सञ्चालन गर्नु ।

**रणनीति**

- संस्थागत जनशक्ति विकास गर्ने ।

**कार्यनीति**

- नगरपालिकाको योजना तथा कार्यक्रम तर्जुमालाई सघाउ पुऱ्याउन डिजिटल पार्श्वचित्र निर्माण र अद्यावधिक गरिने छ ।
- सेवा प्रवाह, कार्यसम्पादन र काम कार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन गरिने छ ।
- पालिकाबाट प्रदान सेवा सुविधाको नागरिक सन्तुष्टि सर्वेक्षण गरिने छ ।
- संगठन पुनर्संरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गरिने छ ।
- नगरपालिका र वडाका कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई अभिमूखीकरण तथा क्षमता विकास तालिम दिने ।
- कर्मचारीहरुलाई सेवाग्राहीसँग शिष्ट व्यवहार गरी मुस्कान सहितको सेवा प्रवाह गर्न आवरण सम्बन्धी कानून निर्माण गरिने छ ।
- कर्माचारीलाई बढी जिम्मेवार र सेवाग्राहीमैत्री बनाउँदै अपेक्षित नतिजा प्राप्तिका लागि कार्य सम्पादन करार सम्झौता लागू गरी सो को मूल्याङ्कनको आधारमा प्रोत्साहन, पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।
- सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन कर्माचारीको क्षमता विकासलाई अभिवृद्धि गर्नको लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था मिलाइने छ ।
- स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गरी कार्यान्वयन तथा सबै वडाहरुमा न्याय सम्पादन सम्बन्धी अभिमूखीकरण सहित मेलमिलाप केन्द्र स्थापना गरिने छ ।
- नगरपालिका कार्यालयमा हटस्पटको व्यवस्था गरिने छ ।
- राजस्वको दायरा बढाउन व्यवसाय दर्ता अभियान लगायतका कार्यहरु सञ्चालन गरिने छ ।
- मेलमिलाप केन्द्र व्यवस्थापन, अन्तर पालिका मेलमिलाप समन्वय बैठक आयोजना गरिने छ ।
- आन्तरीक सुरक्षालाई व्यवस्थित गर्दै बजार अनुगमन, स्थानीय कर व्यवस्थापन, अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न नगर प्रहरी परिचालन गरिने छ ।
- विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न आवश्यक नीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।
- नगरपालिका कार्यालयलाई पेपरलेस गभर्नेन्स अवधारणा कार्यान्वयन गर्न योजना, लेखा, सामाजिक सुरक्षा, कर्माचारी प्रशासन तथा राजस्व प्रशासन सम्बन्धी सफ्टवेयर निर्माण, खरिद र सञ्चालनमा निरन्तरता दिइने छ ।
- सूचना तथा अभिलेख सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गरिने छ ।
- नगरपालिकाबाट प्रदान हुने सेवाहरुलाई थप प्रभावकारी बनाउन विद्युतीय हाजिरी, हेल्प डेस्क, गुनासो पेटिका, नागरिक विद्युतीय वडापत्र, सूचना पाटी जस्ता सुशासनका औजारहरुको पूर्ण कार्यान्वयन गरिने छ ।
- नगरपालिकालाई बढी उत्तरदायी, जनमैत्री, पारदर्शी बनाउन स्थानीय सुशासन ऐन, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण सम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने छ ।
- नगरपालिकाका गतिविधि तथा अभिलेख व्यवस्थित गर्न सूचना तथा अभिलेख केन्द्र सञ्चालनमा ल्याइने छ ।
- पालिकाबाट हुने काम कार्यवाहीलाई प्रभावकारी बनाउन र आम जनताको गुनासो तत्काल सम्बोधन गर्न टोल फ्रि कार्यक्रम सञ्चालन गरिने छ ।

- कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई मापनीय सूचकका आधारमा गर्ने प्रणालीको विकास गरिने छ ।
- सेवा प्रवाहमा संलग्न सबै क्रियाकलाप र सूचनालाई कम्पयूटरमा अभिलेख राखिने छ ।
- स्थानीय विकासलाई गति दिन सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकासका साझेदार निकाय तथा आम नागरिकको सहभागितामा विकासको गतिलाई अगाडी बढाउन विकासका लागि सधै सबै सँगै अभियान सञ्चालन गरिने छ ।

## ४.५ संस्थागत क्षमता विकासका प्रमुख योजनाहरु

प्रस्तावित योजनाहरु स्थानीय तह क्षमता विकास तर्जुमा दिग्दर्शन २०७६ ले प्रस्ताव गरेका संस्थागत क्षमता विकास आवश्यकता पहिचान र विश्लेषणका लागि प्रयोग गरिनु पर्ने अनुसूची २, ३ र ५ का आधारमा पहिचान भएका संस्थागत क्षमता विकासका विषयवस्तुलाई आधार मानेर दिग्दर्शनकै अनुसूची ७ को ढाँचामा संस्थागत क्षमता विकासका कार्यक्रमहरु, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट र वित्तीय स्रोत व्यहोर्ने निकाय सहित प्रस्ताव गरिएको छ ।

*तालिका ८* : स्थानीय सरकारको संस्थागत क्षमता विकास योजनाको ढाँचा (दिग्दर्शनको अनुसूचि ७ मा आधारित)

| क्षमता विकासका कृयाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | जम्मा | बजेट | | | | जिम्बेवार निकाय (लागत) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | कुल | आन्तरिक | बाह्य |
| **१. भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित** | | | | | | | | | | | | | |
| वडा केन्द्रलाई सेवाप्रवाह केन्द्रको रुपमा विकास गर्ने | सङ्ख्या | २४ | प्रशासन शाखा | ८ | ८ | ८ | २४ | २० | २० | २० | ६० | १८ | ४२ |
| सबै वडा कार्यालयलाई प्रविधि मैत्री बनाउने सेवाग्राही मैत्री कार्यकक्षहरु निर्माण गर्ने | सङ्ख्या | २४ | वडा जनप्रतिनिधि | ८ | ८ | ८ | २४ | १६ | १६ | १६ | ४८ | १९ | २९ |
| फोहर व्यवस्थापन तथा वातावरण संरक्षणको लागि सार्वजनिक निजी साझेदारीमा नविन प्रविधिको उपयोग गर्ने प्रविधि तथा उपकरणहरु खरिद, तालिम तथा सञ्चालन व्यवस्था गर्ने । | सङ्ख्या | १ | वातावरण शाखा | शुरु गर्ने | क्रमागत | १ | १ | ३० | ३० | ० | ६० | १८ | ४२ |
| निर्माण सामग्रीहरुको गुणस्तर मापनको लागि आवश्यक उपकरण सहितको ल्यावको स्थापना गर्ने । | सङ्ख्या | १ | प्राविधिक शाखा | ० | ० | १ | १ | ० | ० | १८ | १८ | ४ | १४ |
| सडक अधिकार क्षेत्र र मापदण्ड तयारी | सङ्ख्या | १ | भौतिक पूर्वाधार शाखा | ० | ० | १ | १ | ० | ० | ४.५ | ४.५ | ४.५ | ० |
| **भौतिक स्रोत साधनसँग सम्बन्धित जम्मा बजेट रु** | | | | | | | | **६६** | **६६** | **५९** | **१९१** | **६३** | **१२७** |
| **२. नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित** | | | | | | | | | | | | | |
| स्थानीय वातावरण तथा प्रकृतिक संरक्षण ऐन | सङ्ख्या | १ | वातावरण शाखा | १ | ० | ० | ० | ६ | ० | ० | ६ | ६ | ० |
| स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन | सङ्ख्या | १ | प्रशासन शाखा | १ | ० | ० | ० | ५ | | ० | ५ | ५ | ० |
| कृषि व्यवसाय प्रवर्द्धन ऐन | सङ्ख्या | १ | कृषि शाखा | शुरु गर्ने | नियमित | सम्पन्न | १ | १० | १० | १० | ३० | १५ | १५ |
| स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका | सङ्ख्या | १ | | १ | ० | ० | ० | | ० | ५ | ५ | ५ | ० |
| विषयगत समिति कार्य सञ्चालन कार्यविधि | सङ्ख्या | १ | प्रशासन शाखा | १ | ० | ० | ० | ६ | ० | ० | ६ | ६ | ० |
| वित्तिय सुसाशन जोखिम मूल्याङ्कन कार्यविधि | सङ्ख्या | १ | आर्थिक विकास समिति र आर्थिक प्रशासन शाखा | शुरु गर्ने | नियमित | सम्पन्न | १ | ० | ० | ५ | ५ | ५ | ० |
| नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखा परीक्षण सम्बन्धी कार्यविधि | सङ्ख्या | १ | आन्तरिक लेखा परीक्षण शाखा, आर्थिक प्रशासन शाखा | १ | ० | ० | १ | ५ | ० | ० | ५ | ५ | ० |
| स्थानिय तहको योजना प्रकृयामा यूवा सहभागिता कार्यविधि | सङ्ख्या | १ | समाजिक विकास, यूवा तथा बालबालिका शाखा | १ | ० | ० | १ | ५ | ० | ० | ५ | ५ | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि | सङ्ख्या | १ | कानुन शाखा, न्यायिक समिति | १ | ० | ० | १ | ५ | ० | ० | ५ | ५ | ० |
| टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि | सङ्ख्या | १ | सामाजिक विकास समिति, सामाजिक विकास शाखा | ० | १ | ० | १ | ० | १२ | ० | १२ | १२ | ० |
| सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि | सङ्ख्या | १ | प्रशासन शाखा | १ | ० | ० | ० | ८ | ० | ० | ८ | ८ | ० |
| सूचना तथा अभिलेख केन्द्रको स्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि | सङ्ख्या | १ | सूचना तथा प्रविधि शाखा | १ | ० | ० | ० | १२ | ० | ० | १२ | १२ | ० |
| घर जग्गा बाहाल कर व्यवस्थापन कार्यविधि | सङ्ख्या | १ | घर जग्गा नापजाँच तथा राजस्व परामर्श समिति | १ | ० | ० | ० | १२ | ० | ० | १२ | १२ | ० |
| नदि तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाइ सम्बन्धी कार्यविधि | सङ्ख्या | १ | वातावरण शाखा | ० | १ | ० | | ० | १२ | ० | १२ | १२ | ० |
| बालविवाह विरुद्ध कार्यक्रम खर्च कार्यविधि | सङ्ख्या | १ | महिला बालबालिका तथा सामाजिक शाखा | शुरु गर्ने | नियमित | नियमित | १ | ८ | ८ | ८ | २४ | ७ | १७ |
| सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि | सङ्ख्या | १ | महिला तथा बालबालिका शाखा | शुरु गर्ने | नियमित | नियमित | १ | ८ | ८ | ८ | २४ | ७ | १७ |
| वालगृह सञ्चालन कार्यविधि | सङ्ख्या | १ | प्रशासन शाखा | ० | १ | ० | १ | २४ | ० | ० | २४ | ७ | १७ |
| नगरपालिकाको आपतकालिन कार्यसञ्चालन कार्यविधि | सङ्ख्या | १ | प्रशासन शाखा | १ | ० | ० | ० | ५ | ० | ० | ५ | ५ | ० |
| स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि | सङ्ख्या | १ | विपद् व्यवस्थापन शाखा | १ | ० | ० | ० | ६ | ० | ० | ६ | ६ | ० |
| विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना | | | विपद् व्यवस्थापन शाखा | १ | ० | ० | ० | १८ | ० | ० | १८ | ७ | ११ |
| उत्थानशील समुदायका लागि नगरपालिकाको रणनीतिक योजना | | | सामाजिक विकास समिति, सामाजिक विकास शाखा | ० | ० | १ | १ | २४ | ० | | २४ | १० | १४ |
| फोहरमैला व्यवस्थापनको लागि स्थानीय तहहरु बीच सहकार्यको सम्भावनाको अध्ययन गरी नीति तर्जुमा गर्ने । | सङ्ख्या | १ | प्रशासन शाखा, स्वास्थ्य शाखा | शुरु गर्ने | नियमित | सम्पन्न | १ | ० | ० | २० | २० | १० | १० |
| बाँकी रहेका ऐन तथा नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने (अद्यावधिक समेत) | सङ्ख्या | १/१ वटा | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | | | | | २० | २० | २० | ६० | ३० | ३० |
| **नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित बजेट** | | | | | | | | **१६६** | **७०** | **४०** | **३३३** | **२०२** | **१३१** |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३. मानव संसाधन प्राप्तिसँग सम्बन्धित** | | | | | | | | | | | | | |
| नगरपालिका तथा वडा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण पुरा गरी सो अनुसार मौजुदा कर्मचारीहरुको कार्य विभाजन तथा आवश्यक कर्मचारी नियुक्ति प्रकृया अघि बढाउने । | सङ्ख्या | १ | प्रशासन शाखा | १ | ० | ० | १ | ५ | ० | ० | ५ | ५ | ० |
| वडा स्तरमा २ वडा १ कृषि प्राविधिक नियुक्ति गर्ने | सङ्ख्या | २४ | २४ वडामा | ४ | ४ | ४ | १२ | ७२.८ | ७२.८ | ७२.८ | २१८.४ | ४३.६८ | १७४.७२ |
| वडा स्तरमा २ वडा १ पशु प्राविधिक नियुक्ति गर्ने | सङ्ख्या | २४ | २४ वडामा | ४ | ४ | ४ | १२ | ७२.८ | ७२.८ | ७२.८ | २१८.४ | ४३.७ | १७४.७ |
| नगरपालिकामा १ जना शिक्षा अधिकृत ९/१० तहको | सङ्ख्या | १ | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| सि. डि. ई. १ जना (नगरपालिकामा) | सङ्ख्या | १ | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| अधिकृत छैटौं १ जना (नगरपालिकामा) | सङ्ख्या | १ | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लेखापाल १ जना (नगरपालिकामा) | सङ्ख्या | १ | | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १ जना नगरमा विषयगत विषेशज्ञ जनशक्तिको (सूचना प्राविधि, वातावरण, स्टक्चर, जि.आई.एस, न्याय आदि) व्यवस्था गर्ने । | सङ्ख्या | १ | १ | १ | ० | ० | १ | ० | १० | ० | १० | ३ | ७ |
| **मानव संसाधन प्राप्तिसँग सम्बन्धित जम्मा बजेट रु लाखमा** | | | | | | | | **१५१** | **१५६** | **१४६** | **४५२** | **९५** | **३५६** |
| **४. तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित** | | | | | | | | | | | | | |
| क्षेत्रगत आवधिक गुरुयोजना तथा कार्यक्रम कार्यान्वयन कार्यशाला | सङ्ख्या | १ | योजना तथा अनुगमन र प्रशासन शाखा | १ | १ | १ | ३ | ३ | ३ | ३ | ९ | ९ | ० |
| नगर सभा व्यवस्थापन तालिम | सङ्ख्या | १ | प्रशासन शाखा | १ | ० | १ | २ | १.५ | १.५ | १.५ | ५ | ५ | ० |
| कार्य सम्पादन, मुलयाङ्कन तथा प्रतिवेदन तयार र मापदण्ड निर्धारण सम्बन्धी कार्यशाला | सङ्ख्या | १ | योजना तथा अनुगमन र प्रशासन शाखा | १ | १ | १ | ३ | ५ | ५ | ५ | १५ | ९ | ६ |
| सङ्घ र प्रदेशसँग समन्वय र सहकार्यका लागि अन्तरक्रिया र छलफल | सङ्ख्या | ९ | प्रशासन | ३ | ३ | ३ | ९ | ३ | ३ | ३ | ९ | १ | ८ |
| नगरपालिका र बिकास साझेदरहरु बीच अन्तरकृया | सङ्ख्या | १ | नगरपालिका र कार्यपालिका | १ | १ | १ | ३ | ३ | ३ | ३ | ९ | १ | ८ |
| नगरपालिका र छिमेकी पालिकाहरुसँग नितिगत तथा रणनीतिक विकास योजनामा बीच छलफल | सङ्ख्या | २ | नगरपालिका र कार्यपालिका | १ | १ | १ | ३ | ३.५ | ३.५ | ३.५ | ११ | २ | ८ |
| **तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित जम्मा बजेट रु.** | | | | | | | | **१९** | **१९** | **१९** | **५७** | **२६.४** | **३०.६** |
| **कुल जम्मा रू. (लाखमा)** | | | | | | | | ४०१.६ | ३१०.६ | २६३.१ | १०३२.३ | ३८७.५ | ६४४.८ |

## ४.६ मानव संसाधन क्षमता विकासका प्रमुख योजनाहरु

प्रस्तावित योजनाहरु स्थानीय तह मानव संसाधन विकास योजना तर्जुमा दिग्दर्शन २०७६ ले प्रस्ताव गरेका मानव संसाधन क्षमता विकास आवश्यकता पहिचान र विश्लेषणका लागि प्रयोग गरिनु पर्ने अनुसूची ८ र ९ को ढाँचामा पहिचान भएका मानव संसाधन क्षमता विकासका विषयवस्तुहरुलाई आधार मानेर दिग्दर्शन कै अनुसूची १० अनुसारका कार्यक्रमहरु, कार्यान्वियनका लागि आवश्यक पर्ने बजेट र वित्तीय स्रोत व्यहोर्ने निकाय सहित प्रस्ताव गरिएको छ ।

*तालिका ९ : स्थानीय सरकारको मानव संसाधन विकास योजनाको ढाँचा (अनुसूचि १० मा आधारित)*

| मानव संसाधन विकास क्रियाकलापहरू | प्राप्त हुने सिकाइ | सेवा प्रवाहमा आउने प्रभावकारिता | मुख्य जिम्मेवारी | इकाई | परिमाण | कार्यक्रम कार्यान्वयन आ.व. | | | | बजेट रु लाखमा | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| **१ निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | | | |
| १.१ जनप्रतिनिधिहरुको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण तालिम। | नगर तथा वडामा सभा र बैठकहरू व्यवस्थित हुन | नगर तथा वडा सभा र बैठकहरू व्यवस्थित र नियमित हुने | स्थानीय शासन सञ्चालनमा सहजता | सङ्ख्या | १२८ | ५० | ४० | ३८ | १२८ | ५ | ४ | ४ | १३ |
| १.२ सहभागितात्मक योजना तर्जुमा (अर्थपूर्ण जनसहभागिता, पहिचान, प्राथमिकिकरण, स्रोत व्यबस्थापन) तालिम। | योजना प्राथमिकीकरण गर्न र योजना कार्यन्वयन सम्बन्धी ज्ञान | उपयुक्त योजना छनौट | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ८० | ४० | ३० | १० | ८० | ४.५ | ३.५ | २.५ | १०.५ |
| १.३ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी ज्ञान र सीप विकास तालिम कार्यक्रम। | योजना तर्जुमा, कार्यन्वयन र अनुगमन तथा मूल्याङ्कनका ज्ञान अभिवृद्धि हुने | योजना चक्र व्यवस्थापन तथा मूल्याङ्कन प्रणलीमा सहजता आउँने। | प्र. प्र. अ./ प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४८ | २० | २० | ८ | ४८ | २ | २ | २ | ६ |
| १.४ संयोजन, सहजीकरण र समझदारी निर्माण अवधारणा र संयोजकको भूमिका सम्बन्धमा अभिमुखीकरण तालिम। | प्रभावकारी अनुगमन कार्य | गुणस्तरीय कार्य सम्पादन | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३६ | १५ | १५ | ६ | ३६ | ४.५ | ४.५ | ४ | १३ |
| १.५ लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण | जे सि संवेदनशिलता आउँने | समावेशी विकास हुने। | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३ | १ | १ | १ | ३ | ५ | ५ | ५ | १५ |
| १.६ नेतृत्वको क्षमता विकास तालिम | नेतृत्वदायी भूमिका | | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४८ | २० | २० | ८ | ४८ | ६ | ६ | ४ | १६ |
| १.७ स्रोत साधन र उपकरण सम्बन्धी ज्ञान र सचालन सम्बन्धीको तालिम | कार्य सम्पादनमा सहजता | कार्य सम्पादनमा चुस्त रुपमा सम्पन्न | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ६० | १ | १ | १ | ३ | ३.५ | ३.५ | ३.५ | १०.५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.८ वित्तीय अनुसासन सम्बन्धीको कार्यक्रम | कार्य सम्पादनमा सहजता | कार्य सम्पादनमा चुस्त रुपमा सम्पन्न | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३८ | १ | १ | १ | ३ | २ | २ | २ | ६ |
| **निर्वाचित पदाधिकारीहरूका लागि जम्मा रकम (रु लाखमा)** | | | | | **४४१** | **१४८** | **१२८** | **७३** | **३४९** | **३२.५** | **३०.५** | **२७** | **९०** |
| **२. समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | | | |
| २.१ विभिन्न उपभोक्ता समितिहरुलाई विकासमा जनसहभागिता बारे प्रशिक्षण | जनसहभागिताको ज्ञान | जनसहभागिता जुट्ने | योजना शाखा | सङ्ख्या | १०० | ५० | ३० | २० | १०० | ४ | ३ | २ | ९ |
| २.२ जनप्रतिनिधि र कर्मचारी अनुभव साटासाट तथा अध्ययन भ्रमण | क्षेत्रगत स्थानीय विकास योजना बनाउन र समस्या समाधान गर्न | समस्या पहिचान र त्यसको उचित समाधान खोज्न सहज | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ११० | ५० | ४० | २० | ११० | १० | ८ | ७ | २५ |
| २.३ सूचनाको हक बारे टोल सुधार समितिहरुको क्षमता विकास तालिम | सूचनाको हक | सूचना प्रदानमा सहजता | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ७५ | २५ | २५ | २५ | ७५ | ३ | ३.५ | ४ | १०.५ |
| २.४ विषयगत उपसमितिको कार्यशाला गोष्ठी | स्थानीय परिवेशमा सुधार हुने | थानीय परिवेशमा | प्रशासन शाखा | सङ्ख्या | ११० | ५० | ४० | २० | ११० | ५ | ४ | ३ | १२ |
| २.५ विषयगत समितिहरुलाई उनीहरुको काम, कर्तव्य र जिम्मेवारी बारे प्रशिक्षण | जिम्मेवारी प्रष्ट हुने | जिम्मेवारी निर्बाह हुने | प्रशासन शाखा | सङ्ख्या | १८ | ६ | ६ | ६ | १८ | २ | २ | २ | ६ |
| **जम्मा समिति, उपसमितिहरूका लागि जम्मा रकम (रु लाखमा)** | | | | | **४१३** | **१८१** | **१४१** | **९१** | **४१३** | **२४** | **२०.५** | **१८** | **६२.५** |
| **३ कर्मचारीहरुका लागि** | | | | | | | | | | | | | |
| ३.१ नगरपालिकाको प्राथमिकता क्षेत्र, रणनीति र योजना अनुसार परियोजना र कार्यक्रम तर्जुमा सम्बन्धी तालिम | नगरपालिकाको प्रथमिकता एकिन हुन। | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ९ | ९ | ० | ० | ९ | ४.५ | ० | ० | ४.५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ प्राथमिकतामा राखिएका योजनाहरुको कार्यान्यन सम्बन्धी प्राविधिक ज्ञान प्राप्त हुने तालिम | सबै क्षेत्रगत योजनाहरु प्राभमकितामा राखिने । | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | १४ | १४ | ० | ० | १४ | १४ | ० | ० | १४ |
| ३.३ नतिजामा आधारित योजना निर्माण र कार्यान्वयन पश्चात सो को प्रतिवेदन लगत तथा तथ्याङ्क अद्यावधिक गर्न, विद्युतिय तथ्याङ्क प्रणाली र सो को प्रयोग गर्न आवश्यक तालिम । | कार्यालय बाट सम्पादन हुने कार्य प्रभावकारी हुने | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४८ | २० | २० | ८ | ४८ | ४ | ४ | २ | १० |
| ३.४ अन्तरपालिका भ्रमण राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पालिकाहरुले सञ्चालन गरेका नतिजामुलक कार्य र असल अभ्यासका जानकारीबाट कस्तो नीति आवश्यक छ भन्ने जानकारी प्राप्त भई नतिजामुलक नीति निर्माण गर्न आवश्यक क्षमता । | नतिजामुलक कार्य र असल सिकाई | नीति अनुसार ऐन, नियम, कानुन निर्माण हुने र बजेट सोही अनुसार व्यवस्थापन हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३० | १५ | ० | १५ | ३० | ० | १२० | १२० | २४० |
| ३.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा भएका व्यवस्था र विभिन्न पालिकाहरुमा देखिएका बेरुजु तथा अीख्तयारमा दायर भएका उजूरी र | नयाँ ज्ञान सीप र सूचनाको प्रयोग | नयाँ नयाँ सोध अध्ययनको ज्ञान र प्रविधिको अभ्यास र उपयोग | प्रशासन शाखा | सङ्ख्या | २४ | ८ | ८ | ८ | २४ | १.५ | १.५ | १.५ | ४.५ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मुद्दाको ज्ञानबाट प्राप्त हुन सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी ज्ञान | | | | | | | | | | | | | |
| ३.६ नैतिकता नेतृत्वका उदाहरण र सैद्धान्तिक ज्ञान तथा सहयोगी र सहभागितामूलक शासन व्यवस्थाका अवधारणाबाट प्राप्त हुने सहयोग समन्वय र नेतृत्वको क्षमता तालिम | कार्यमा रुकावट नहुने | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | २६ | १० | ८ | ८ | २६ | १ | १ | १ | ३ |
| ३.७ राष्ट्रिय र अन्तराष्ट्रिय प्रयोग भएका नवप्रवतनात्मक विधि, आर्टिफिसियल इन्टेलिजेन्स र सुशासन प्रतिमानको अभिमुखीकरण | प्रविधिमैत्री पालिका | प्रविधिको प्रयोगले कार्य सम्पादन चाडो | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३० | १० | १० | १० | ३० | १.५ | १.५ | १.५ | ४.५ |
| ३.८ कार्यविधि वनाउने तरिका सम्बन्धीको तालिम | निति कार्यविधि सम्बन्धी ज्ञान | आवश्यक निति तथा कानुन निर्माणमा सहज | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४५ | १५ | १५ | १५ | ४५ | २ | २ | २ | ६ |
| ३.९ स्थानिय तहका विभिन्न विषय क्षेत्रहरुको अनुसन्धानात्मक तालिम | विषय क्षेत्र सम्बन्धी ज्ञान | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४० | १५ | १५ | १० | ३० | ४ | ४ | ३ | ११ |
| ३.१० सूचनाको हकको कार्यान्वयन सम्बन्धी तालिमको व्यवस्था | आवश्यक सूचना प्राप्त हुने | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | १६ | ० | ८ | ८ | १६ | ० | १.७ | २.० | ३.७ |
| ३.११ स्रोत साधन तथा यन्त्र उपकरण प्रयाप्तता सम्बन्धी नापजाँच गर्ने | कार्य व्यवस्थापनमा सहजता | कार्यहरू प्रविधि मैत्री हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३० | १० | १० | १० | ३० | १.७ | १.७ | २.० | ५.४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१२ पालिकाका प्राविधिक कर्मचारीहरुलाई जोखिम संवेदनशील भू–उपयोग योजना तर्जुमा सम्बन्धी तालिम प्रदान गर्ने । | कार्य व्यवस्थापनमा सहजता | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | १५ | १५ | ० | ० | १५ | ३ | ० | ० | ३ |
| ३.१३ पालिकाका प्राविधिक कर्मचारीहरुलाई राष्ट्रिय भवन संहिता सम्बन्धी तालिम प्रदान गर्ने । | सेवा प्रवाह सहज | जनता सेवामा चुस्तता महशुस गर्ने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४० | १५ | १० | १५ | ४० | ३ | २ | ३ | ८ |
| ३.१४ सूचना व्यवस्थापन सम्बन्धी तालिम। | आवश्यक सूचना प्राप्त हुने | कार्य सम्पादन चुस्त हुने | सूचना प्रविधि शाखा | सङ्ख्या | ३ | १ | १ | १ | ३ | २ | २ | २ | ६ |
| ३.१५ गैर सरकारी संस्थाहरुका लागि तालिम | GESI बारे संवेदनशिलता आउने | समावेशी विकास हुने । | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ४ | ४ | ० | ० | ४ | ३ | ० | ० | ३ |
| ३.१६ सहभागितात्मक योजना तर्जुमा पद्धति र कार्यान्वयन अभिमुखीकरण | योजना प्राथमिकिकरण सम्बन्धी ज्ञान | योजना प्राथमिकिकरण | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३५ | १० | १० | १५ | ३५ | २ | २ | ३ | ७ |
| ३.१७ सबै कर्मचारी लाई आधारभूत जिम्मेवारीको आधारमा पुनरताजगी तालिम | जिम्मेवारी अनुकुलको ज्ञान हासिल हुने | पदको जिम्मेवारी राम्रोसँग बहन हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | १५० | ५० | ५० | ५० | १५० | ८ | ८ | ८ | २४ |
| ३.१८ कार्यालय व्यवस्थापन तथा अभिलेख प्रणाली | कार्य व्यवस्थापनमा सहजता | कार्य सम्पादन चुस्त हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | ३० | १० | १० | १० | ३० | २ | २ | २ | ६ |
| **जम्मा कर्मचारीहरुका लागि जम्मा रकम (रु लाखमा)** | | | | | **५८९** | **२३१** | **१७५** | **१८३** | **५७९** | **५७.२** | **१५३.४** | **१५३.०** | **३६३.६** |
| **४ सेवाग्राही लक्षित क्षमता विकास** | | | | | | | | | | | | | |
| ४.१ मेलमिलाप अभियन्ता तयारीका लागि तालिम | स्थानीयको क्षमता विकास | स्थानीय विवाद स्थानीय स्तरमै न्युनिकरणण हुने | प्र. प्र. अ./प्रशासन प्रमुख र सम्बन्धित सरोकार निकाय | सङ्ख्या | १२ | ४ | ४ | ४ | १२ | १ | १ | १ | ३ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ महिला स्वयंसेविकाहरुलाई अपाङ्गता बारे थप प्रशिक्षण | अपाङ्गता सुधारका विविध उपायहरुको जानकारी हुने | अपाङ्गता सुधारका उपायहरु अवलम्बन हुने | वडा कार्यालय स्वास्थ्य शाखा | सङ्ख्या | २४ | ८ | ८ | ८ | २४ | २ | २ | २ | ६ |
| ४.३ कृषि र पशु सेवा कार्यकर्ता तयारीका लागि तालिम | सेवा बजारको विकास | ग्रामिण जनताले कृषि र पशु सेवा नियमित रुपमा पाउने | वडा कार्यालय कृषि शाखा | सङ्ख्या | २४ | ८ | ८ | ८ | २४ | २ | २ | २ | ६ |
| **जम्मा सेवाग्राही लक्षित क्षमता विकास जम्मा रकम (रु लाखमा)** | | | | | ६० | २० | २० | २० | ६० | ५ | ५ | ५ | १५ |
| **५ साझेदारहरुको लक्षित क्षमता विकास** | | | | | | | | | | | | | |
| ५.१ विद्यालयका शिक्षकहरुलाई वाल उद्यान स्थापना र वालमैत्री पूर्वाधारको आवश्यकता र उपयोगिता बारे अनुशिक्षण | वाल उदान र वालमेत्रि पूर्वाधारको ज्ञान | उद्यान स्थापना र बालमैत्री पूर्वाधार निर्माण हुने | वडा कार्यालय शिक्षा शाखा | सङ्ख्या | ६५ | ६५ | ० | ० | ६५ | ३ | ० | ० | ३ |
| ५.२ स्थानीय स्वास्थ्य चौकीका कर्मचारीलाई स्वास्थ्य सेवाको डिजिटल विधिबाट एकीकृत अभिलेख सम्बन्धी तालिम | डिजिटल प्रविधि को ज्ञान | सेवाहरुको अभिलेखहरु डिजिटल विधि बाट अध्यावदिक हुन | स्वास्थ्य शाखा | सङ्ख्या | १८ | ६ | ६ | ६ | १८ | १ | १ | १ | ३ |
| ५.३ स्थानीय कृषक समूहलाई व्यवसायिक कृषि प्रशिक्षण | कृषिलाई उद्यमको रुपमा बुझाई हुने | कृषिमा व्यवसायीकरण हुने। | वडा कार्यालय | सङ्ख्या | ४८ | १६ | १६ | १६ | ४८ | २ | २ | २ | ६ |
| **जम्मा साझेदारहरुको क्षमता विकास रु जम्मा रकम (रु लाखमा)** | | | | | १३१ | ८७ | २२ | २२ | १३१ | ६ | ३ | ३ | १२ |
| **कुल जम्मा जम्मा रकम (रु लाखमा)** | | | | | | | | | | १२४.७ | २१२.४ | २०६.० | ५४३.१ |

## परिच्छेद पाँच : क्षमता विकास योजना कार्यान्वयन रणनीति र कार्य योजना

## ५.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई विधायिकी, न्यायिक र कार्यकारी अधिकार छ । यसले स्थानीय तहलाई सङ्घीय तथा प्रदेशिक ऐन, नीति तथा सिद्धान्तसँग बरखिलाफ नहुने गरी स्थानीयता सुहाउँदा नीति, योजना, स्थानीय कानुन, कार्यविधि आदि निर्माण गर्ने, त्यस्ता औजारहरु स्थानीय तहमा कार्यान्वयन गर्ने गराउने, नागरिक सेवाका कार्यहरु टोल बस्तीसम्म विस्तार गर्ने र नगरिकहरुको आर्थिक, सामाजिक रुपान्तरणका लागि सिर्जनात्मक कार्य गर्ने जिम्मेवारी स्थानीय तहहरुले पाएका छन् । योसँगै स्थानीय सरकारसँग नागरिकहरुको अपेक्षा बढेको छ । यसकारण स्थानीय संयन्त्र, स्रोत साधन, पदाधिकारी, कर्मचारी र सेवा बजारका सरोकारवालाहरुको समय सापेक्ष क्षमता वृद्धि गर्नु, कार्य कुशलता थप्नु र दैनिक कार्य सञ्चालनमा नविनता, विश्वासनीयता, तटस्थता र दिगोपना हुनु आवश्यक छ ।

## ५.२ क्षमता विकास योजना रणनीति तर्जुमा र कार्यान्वयन योजनाको उद्देश्य

यो क्षमता विकास योजना कार्यान्वयनको मूख्य उद्देश्य (आ.व. २०८२/८३ देखि २०८४/८५) का लागि बनेको क्षमता विकास योजनाले पहिचान गरेका समूह तथा क्षेत्रगत योजनाहरुको सफल कार्यान्वयन भई योजनाले राखेका अल्पकालिन र योजना अवधीका लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्न सहजता थप्नु हो ।

## ५.३ कार्य क्षेत्र

क्षमता विकास योजना कार्यान्वयन रणनीति र प्रथम वर्षको क्षमता विकास कार्यान्वयन योजनाको कार्यक्षेत्र स्थानीय तहको क्षमता विकाससँग सम्बन्धित निम्न उल्लेखित मूख्य तीन क्षेत्रहरु हुन् ।

क) संस्थागत क्षमता विकास
ख) मानव संसाधन क्षमता विकास र
ग) विकास साझेदारहरुको क्षमता विकास

यी तीनै पक्षहरू फरक फरक आयामहरुसँग जोडिन्छन् । क्षमता विकास कार्यान्वयन रणनीतिले समूहगत रुपमा निम्न क्षेत्रहरुलाई समेट्ने अपेक्षा गरिएको छ ।

**संस्थागत क्षमता विकास**

संस्थागत क्षमता विकास अन्तर्गत स्थानीय तहको जिम्मेवारी भित्र पर्ने निम्न विषयहरु समेटिनेछन् ।

- भौतिक स्रोत साधन व्यवस्थापनसँग सम्बन्धित कार्यहरु ।
- नीति, योजना, ऐन/नियम/कार्यविधि प्रक्रियासँग सम्बन्धित कार्यहरु ।
- मानव संसाधन प्राप्तिसँग सम्बन्धित कार्यहरु ।
- तालिम, गोष्ठी, अध्ययन, अनुसन्धानसँग सम्बन्धित कार्यहरु ।

**मानव संसाधन विकास (तालिम, गोष्ठी, सेमिनार, अवलोकन भ्रमण, अन्तरक्रिया आदि)**

- निर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकासमा सहयोग पुग्ने क्रियाकलापहरु ।
- विभिन्न समिति, उपसमिति, टोल सुधार समितिहरूका सदस्यहरुको क्षमता विकासमा सहयोग पुग्ने क्रियाकलापहरु ।
- वडाहरु सरोकारवालाहरु समेत पालिकाका कर्मचारीहरूको क्षमता विकासमा सहयोग पुग्ने क्रियाकलापहरु ।
- सेवाग्राही लक्षित क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु ।
- साझेदारहरुको क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु ।

## ५.४ योजना कार्यान्वयनका चरणहरु

प्रस्तावित क्षमता विकास योजनाले संस्थागत विकास, मानव संसाधन विकास र विकास साझेदारहरुको क्षमता विकासका लागि फरक फरक परियोजना तथा कार्यक्रमहरु, फरक फरक उद्देश्य तथा लक्ष्य प्राप्त गर्न प्रस्ताव गरिएका छन् । प्रस्तावित कार्यक्रमहरुको मूख्य कार्यक्षेत्र यसै परिच्छेदको शिर्षक ५.३ मा पहिचान भई सकेको छ । प्रस्ताव भएका कार्यक्रमहरुको कार्यान्वयन गर्दा योजनाको कार्य क्षेत्रले तोकेका सन्दर्भलाई जोडेर निम्न चरणमा कार्यान्वयन गरिने छ ।

**चरण १ योजना स्वीकृति र बजेट सुनिश्चितता**

क. क्षमता विकास योजना कार्यपालिका मार्फत् नगर सभाबाट पारित गराउने ।
ख. योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने ।
ग. सम्भावित बाह्य स्रोतका लागि सम्पर्क, समन्वय र अनुरोध गर्ने ।

**चरण २ सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचान, लागत र कार्य सम्झौता**

क. क्षमता विकास योजना कार्यान्वयनका लागि सहजीकरण, सहयोग र सहभागिता उपलब्ध गराउन सक्ने सहजकर्ता, सहयोगी व्यक्ति, संस्था वा समूहसँग समन्वय गर्ने ।
ख. मानव संसाधनको ज्ञान तथा सीप विकासका लागि स्रोत व्यक्ति तथा संस्थाको पहिचान गर्ने ।
ग. संस्थागत तथा मानव संसाधन विकासलाई निश्चित गरिएका गतिविधिहरुका लागि आवश्यक पर्ने लागत तयारी गर्ने ।
घ. संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्थासँग कार्य सम्झौता गर्ने ।

**चरण ३ क्षमता विकास योजना कार्यान्वयन चरण**

क. संस्थागत संरचना भित्रको तथा समुदाय स्तरको मानव संसाधनको क्षमता विकासको हकमा आवश्यक स्थान तथा सामग्री व्यवस्थापन गर्ने ।
ख. तालिम, गोष्ठी, सेमिनार वा अन्य सीप विकास तालिम सञ्चालनमा सहजीकरण गर्ने ।
ग. संस्थागत संरचनामा सुधारका कार्यहरु सम्पन्न गर्ने ।

**चरण ४ अनुगमन, अध्ययन तथा अद्यावधिक**

क. क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने ।

ख. क्षमता विकास योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने ।

ग. क्षमता विकासबाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुसाशनमा आएको सुधार बारे अध्ययन गरी संस्थागत गर्ने ।

## ५.४ क्षमता विकास योजनाका मूख्य नीतिहरु

क) क्षमता विकास योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन, प्रतिबेदन र बार्षिक अद्यावधिक कार्यको लागि एक क्षमता विकास समन्वय समिति गठन र परिचालन गरिनेछ ।

ख) गैससहरू, निजी सेवा प्रदायकहरू बीच क्षमता विकासबारे नियमित सञ्चार, सम्पर्क, परामर्श तथा अन्तरक्रिया गरिनेछ ।

ग) कर्मचारी प्रोत्साहन, कार्य शैलीमा विविधता र अन्तर सम्बन्धलाई सुदृढ बनाइने छ ।

## ५.५ योजना कार्यान्वयनको रणनीतिः

योजना कार्यान्वयनकालागि देहाय बमोजिमका रणनीतिहरु प्रस्ताव गरिएका छन् ।

*तालिका १० : योजना कार्यान्वयनको रणनीति*

| क्र. सं. | रणनीति | रणनीतिको विस्तृतिकरण |
|---|---|---|
| रणनीति १ | पालिकाबाट योजनाको स्वामित्व ग्रहण | लहान नगरपालिकाको समन्वय र सहभागितामा बनेको यो क्षमता विकास योजनाको स्वामित्व लहान नगरपालिकाले लिएको छ |
| रणनीति २ | क्षमता विकास योजना कार्यान्वयनका लागि कार्यविधि तयारी | नगरपालिकाले आवश्यकता महशुस गरेमा क्षमता विकास योजना कार्यान्वयन, कार्यविधि बनाउन सक्नेछ । |
| रणनीति ३ | बजेट सुनिश्चत गर्ने | आन्तरिक बजेट सुनिश्चितताका लागि नगरपालिकाको वार्षिक चालु बजेटको न्यूनतम हिस्सा कार्यपालिकाबाट स्वीकृत गराउन योजना कार्यान्वयन कार्यदलले पहल गर्नेछ । |
| रणनीति ४ | पदाधिकारीलाई अनिवार्य अनुशिक्षण | स्थानीय सार्वजनिक नेतृत्वलाई स्थानीय विकासको प्रत्यक्ष वा अप्रत्यक्ष साझेदार बन्ने तथ्यलाई आधार मानेर जन प्रतिनिधि तथा सरोकारवाला संयन्त्रलाई प्राथमिकतामा राखेर क्षमता विकास योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ । |
| रणनीति ५ | सम्पर्क व्यक्तिको व्यवस्था | १. क्षमता विकास योजना कार्यान्वयनमा समन्वय समितिको भूमिका सक्रिय बनाइनेछ ।<br>२. विशेष भूमिका सहित अधिकृत स्तरको एक जना सम्पर्क व्यक्ति तोकिनेछ ।<br>३. योजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन व्यवस्थापनका लागि क्षमता विकास योजना कार्यान्वयन |

| क्र. सं. | रणनीति | रणनीतिको विस्तृतिकरण |
|---|---|---|
| | | समितिलाइ स्रोत साधन सिहत थप जिम्मेवार बनाइनेछ । |
| रणनीति ६ | पहिलोः सुरुवात संस्थागत संरचनामा सुधार | सवल र सक्षम संस्थाले मात्र अपेक्षित नतिजा प्राप्त गर्ने आधार तयार गर्न सक्ने भएकाले क्षमता विकासका कार्यहरु यो क्षेत्रबाटै अघि बढाउँने व्यवस्था मिलाइनेछ । |
| रणनीति ७ | दोस्रोः आयाम मानव संसाधनको विकास | क्षमता विकासको दोस्रो प्राथमिकतामा मानव संसाधनको विकासलाई अगाडी बढाईने छ । संस्थागत स्रोत विकास र मानव संसाधन विकास सँगसँगै लगिनेछ । |
| रणनीति ८ | तेस्रोः आयाम सेवा बजारहरुको व्यापारीकरण अथवा क्षमता उपयोगको दायर विस्तार | संस्थागत क्षमता विकास व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक प्रभाव ल्याउनु र समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि गर्ने परिपाटी हो । स्थानीय तहबाट वितरित सेवामा संस्था, संस्थामा प्रत्यक्ष आवद्ध मानव साधन र समुदायबाट साझेदारी गर्ने जनशक्तिको क्षमता विकास कार्यलाइ शसक्त बनाइनेछ । |

## ५.६ कार्यान्वयन तालिका प्रथम वर्ष

प्रभावकारी क्षमता विकास योजना कार्यान्वयनका लागि बहुआयामिक र बहुसरोकारवाला समूहको एकीकृत परिचालन आवश्यक हुन्छ । यसमा सबै सरोकारवाला पक्ष, विषयगत कार्यालयहरु, नगरपालिका भित्रका विषयगत शाखाहरु, निर्वाचित जनप्रतिनिधि र राजनीतिक दलहरुको भूमिका र ऐक्यबद्धता आवश्यक पर्छ । यो क्षमता विकास योजनाका मूल कार्यहरुका लागि निम्न अनुसार जिम्मेवारी बहनको अपेक्षा गरिएको छ ।

*तालिका ११ : आगामी आ.व. २०८२/८२ को कार्ययोजना*

| कार्यान्वयन चरण | योजना कार्यान्वयन गतिविधि | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | मुल जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| **चरण १ योजना स्वीकृति र बजेट सुनिश्चितता** | | | | | | |
| १.१ | क्षमता विकास योजना कार्यपालिका मार्फत् नगर सभाबाट पारित गराउने | यसै आर्थिक वर्ष मा पारित गराउनु पर्ने | | | | क्षमता विकास समन्वय समिति र प्र. प्र. अ. |
| १.२ | योजना कार्यान्वयनका लागि आन्तरिक स्रोतको बजेट सुनिश्चित गर्ने । | नगर परिषद् २०८१ असारबाट पारित भएको हुनुपर्ने | | | | क्षमता विकास समन्वय समिति र प्र. प्र. अ. |
| १.३ | बाहिरी सहयोगको खोजी र स्रोत पहिचान र सुनिश्चित गर्ने | योजना स्वीकृति र बजेट सुनिश्चितता | | | | क्षमता विकास समन्वय समिति र प्र. प्र. अ. |
| **चरण २ सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचान, लागत र कार्य सम्झौता** | | | | | | |
| २.१ | क्षमता विकास सम्बन्धमा विभिन्न सहयोगी निकायहरु बीच समन्वय गर्ने । | सहयोगी संस्था तथा स्रोत व्यक्तिको पहिचान, लागत र कार्य सम्झौता | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| २.२ | स्रोत व्यक्ति तथा संस्थाको पहिचान । | | | | | क्षमता विकास समन्वय समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | र प्रशासन प्रमुख |
| २.३ | क्षमता विकासका गतिविधिहरु सञ्चालन गर्न आवश्यक पर्ने सुनिश्चितता | | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| २.४ | संस्थागत क्षमता विकास तथा मानव संसाधन विकासको स्रोत व्यक्ति वा संस्था सँग कार्य सम्झौता | सम्झौता गर्ने | | | | क्षमता विकास समन्वय समिति र प्रशासन प्रमुख |
| **चरण ३ क्षमता विकास योजना कार्यान्वयन चरण** | | | | | | |
| ३.१ | कार्यक्रम कार्यान्वयन | | कार्यान्वयन गर्ने | | | प्र. प्र. अ.र प्रशासन प्रमुख |
| ३.२ | तालिम, गोष्ठी, सेमिनार वा अन्य सीप विकास तालिम सञ्चालनमा सहजीकरण। | | | | | प्रशासन प्रमुख |
| **चरण ४ अनुगमन, अध्ययन तथा अद्यावधिक** | | | | | | |
| ४.१ | क्षमता विकास कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र समीक्षा गर्ने। | | | अनुगमन, अध्ययन तथा अद्यावधिक | | क्षमता विकास समन्वय समिति |
| ४.२ | क्षमता विकास योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने। | | | | | क्षमता विकास समन्वय समिति |
| ४.३ | क्षमता विकास बाट आएको परिवर्तन तथा सेवा प्रवाह र सुशासनमा आएको सुधार बारे अध्ययन गराउने। | | | | | क्षमता विकास समन्वय समिति |

## परिच्छेद छ : कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

## ६.१ कार्यक्रम व्यवस्थापन

लहान नगरपालिकाको क्षमता विकास योजना कार्यान्वयनको मूख्य जिम्मेवारी समन्वय समितिको भएपनि योजना कार्यान्वयन प्रभावकारी बनाउन नगरपालिका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र मूख्य जिम्मेबार तोकिएका जनप्रतिनिधि तथा कर्मचारीको जिम्मेवारी बढाइने र योजना कार्यान्वयनको कार्य थप व्यवस्थित बनाउन प्रयास गरिने छ ।

**क्षमता विकास समन्वय समितिको जिम्मेवारी देहाय बमोजिम हुनेछः -**

- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने ।
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- स्थानीय सरकारको क्षेत्रभित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बीच समन्वय गर्ने गराउने ।
- लक्ष्य सूचकमा आधारित भई क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने ।
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरू बीच समन्वय गर्ने ।
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने ।
- क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

## ६.२ योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संसोधन) को परिधिभित्र रही कार्य गर्ने संस्था भएको हुँदा सोही ऐनको परिधिमा रहि नगरपालिकाबाट आयोजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । यो क्षमता विकास योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य तथा आयोजनाबाट हुनु पर्ने विकास प्रयास र सेवा प्रवाहमा कस्तो प्रभाव पर्‍यो र यसले कस्तो सकारात्मक परिवर्तन देखियो वा देखिएन भन्ने सन्दर्भमा र अपेक्षित नतिजा प्राप्त भए नभएको बारे निम्न अनुसार अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

### ६.२.१ नियमित अनुगमन

क्षमता विकास योजनाको कार्यान्वयन चरणमा नियमित अनुगमन गरिनेछ । कार्यान्वयन चरणमा योजनाका गतिविधिहरुको लागत, परिमाण, समय सीमा तथा गुणस्तर लगायत कार्यान्वयन चरणमा आईपरेका समस्या तथा सम्भावित विकल्पहरु समेतको पहिचान गरी कार्यपालिकालाई पृष्ठपोषण दिने व्यवस्था मिलाइने छ । योजना कार्यान्वयनको अनुगमन तथा सुपरिवेक्षण निम्न अनुसार गरिनेछ ।

- योजनाको प्रत्येक वर्षको कार्यक्रम स्वीकृत भएपछि कार्यान्वयनका लागि सम्बन्धित शाखा/ उपशाखाहरुबाट कार्यपालिकामा पेश भएको एकीकृत कार्य योजनाका आधारमा अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको अनुगमन प्रतिवेदन प्रत्येक दुई महिनामा कार्यपालिका बैठकमा पेश गरी छलफल गर्ने ।

यसरी कार्यपालिकामा पेश भएर छलफल गर्दा योजना कार्यान्वयनमा भएका कमि कमजोरीहरु सच्याउन, समयको सहि व्यवस्थापन, सेवा प्रवाह तथा कार्य सम्पादनमा गुणस्तर कायम राख्न सरोकारवाल तथा सम्बन्धित पक्षहरुलाई आवश्यक निर्देशन दिईने छ ।

### ६.२.२ मध्यावधिक समीक्षा

मध्यावधिक समीक्षा क्षमता विकास योजनाको महत्वपूर्ण पक्ष हो । क्षमता विकास योजनाले लिएको गति तथा समग्र कार्यान्वियनको अवस्थाको समीक्षा तेस्रो पक्षको नेतृत्वमा योजना सुरु भएको दोस्रो वर्षको अन्त्यमा क्षमता विकास योजना समन्वय समिति समेतको सहभागितामा संयुक्त कार्यदल बाट गराईने छ । समीक्षाबाट प्राप्त सिकाइहरु आगामी वर्षको योजनामा समावेश गरी कार्य अगाडी बढाइने छ । यसले पालिकाको समग्र पक्षको सुधारात्मक पाटोलाई जोड दिन्छ ।

### ६.२.३ आयोजना कार्यान्वियन समाप्ति पछिको मूल्याङ्कन

यो मुल्याङ्कन क्षमता विकास योजना लागु भएर समाप्त भए पछि गरिने मूल्याङ्कन हो । यो तीन वर्षे क्षमता विकास योजनाले तय गरेका लक्ष्यहरु कति पुरा भयो र स्रोत साधनको उपयोग, त्यसको पर्याप्तता, प्रभावकारिता, पारदर्शिता र दीगोपना बारे तेस्रो पक्षबाट मूल्याङ्कन गराईन्छ । यो मुल्याङ्कनले तयार गरेको प्रतिवेदनको आधारमा समावेश गरिएका कमी कमजोरीलाई समावेश गरी समेटिएका सुझाबहरुलाई नयाँ तयार हुने/गरिने क्षमता विकास योजनाहरुमा समावेश गरी प्रयोगमा ल्याइनेछ ।

### ६.२.४ प्रभाव मूल्याङ्कन

कुनै पनि योजनाको प्रभाव कस्तो छ भनेर मूल्याङ्कन तथा समीक्षा गर्नु योजनाको महत्वपूर्ण पाटो हो । यो क्षमता विकास योजनाले समाज तथा समग्र नगरपालिकामा पारेको प्रभाव बारेमा योजना कार्यान्वियन पुरा भएको एक वर्ष पछि योजनाको प्रभाव कस्तो छ भनेर तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।

## सन्दर्भ सामग्री


१. *आ. व. २०७९/२०८० को वार्षिक शैक्षिक प्रतिवेदन, २०८०*, शिक्षा, युवा तथा खेलकुद शाखा, लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

२. *आ. व. २०७९/२०८० को वार्षिक स्वास्थ्य प्रतिवेदन, २०८०*, स्वास्थ्य शाखा, लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

३. *नगरपालिकाका प्रगति प्रतिवेदनहरू* आ. व.*२०८०/८१ नीति, कार्यक्रम तथा बजेट,* लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

४. *नगरपालिकाको स्वमूल्याङ्कन प्रतिवेदन,* आ. व.*२०७८,* आ. व.*२०७९,* आ. व.*२०८०,* लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

५. *नगरपालिकाले पारित गरेका ऐन, नियम तथा कार्यविधिहरू,* लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

६. *नेपालको संविधान, २०७२*

७. *लहान नगरपालिकाको* आ. व.*२०७९/८० नीति, कार्यक्रम तथा बजेट,* लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

८. *लहान नगरपालिकाको* आ. व.*२०८०/८१ नीति, कार्यक्रम तथा बजेट,* लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

९. *लहान नगरपालिकाको* आ. व.*२०८१/८२ नीति, कार्यक्रम तथा बजेट,* लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।

१०. *स्थानीय तहबाट प्रकाशित पार्श्वचित्र, आवधिक र विषयगत योजनाहरु, लहान गररपालिका, लहान सिराहा, मधेश प्रदेश, नेपाल ।*

११. *स्थानीय तहहरुको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६,* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१२. *स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन),* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

१३. *स्थानीय सरकार सञ्चालन कार्यविधि, २०७६,* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

वेभसाइट

*https://lahanmun.gov.np/, २०८१/१०/०९*

*https://moial.lumbini.gov.np/list/३३४, २०८१/१०/०८*

# अनुसूची

## अनुसूची १: समन्वय समिति

नगरपालिकाको क्षमता विकास योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाको कार्यान्वयनमा सहजीकरण गर्नका लागि नगरपालिका प्रमुखले स्थानीय सरकारको क्षमता विकाससँग सम्बन्धित सम्पूर्ण पक्षहरूको समावेशी सहभागिता सुनिश्चित गरी कार्यपालिकाको कुनै एक सदस्यको संयोजकत्वमा पाँच सदस्यीय क्षमता विकास समन्वय समिति गठन गर्नु पर्दछ । उक्त समितिको सदस्य सचिव मानव संशाधन विकास वा कर्मचारी प्रशासन हेर्ने शाखा प्रमुखलाई तोक्नु उपयुक्त हुन्छ । नगरपालिकामा प्रशासन वा सुशासन समिति गठन भएको अवस्थामा सोही समितिलाई यो जिम्मेवारी दिन सकिन्छ ।

## अनुसूची २: कर्मचारीहरुको संगठनात्मक ढाँचा



## सहान नगरपालिका, सिरहा

### नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिज

| क.स. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | अधिकृत | ९/१० | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि. | सिभिल | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ | प्रशासन | सा.प्र. | | १ | | १ | |
| ५ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | १ | ० | |
| ६ | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | ज.स्वा. | | १ | | १ | |
| ८ | इन्जिनियर | ७/८ | इन्जि. | सिभिल | बि.ए.आ | १ | | १ | |
| ९ | इन्जिनियर | ६ | इन्जि. | सिभिल | | १ | १ | ० | |
| १० | आ.ले.प. अधिकृत | ७/८ | प्रशासन | लेखा | | १ | | १ | |
| ११ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| १२ | प.हे.न. | ५/६ | स्वास्थ्य | ज.न. | | १ | | १ | |
| १३ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.इ. | | १ | | १ | |
| १४ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | | ५ | |
| १५ | लेखा सहायक | ५ | प्रशासन | लेखा | | १ | | १ | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | | १ | |
| १७ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | | २ | | २ | |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | | १ | |
| १९ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | | १ | |
| २० | अमिन | ४ | इन्जि. | सर्भे | | १ | १ | ० | |
| २१ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २२ | स.ले.पा. | ४ | प्रशासन | लेखा | | १ | | १ | |
| २३ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | | १ | |
| | कार्यालय तर्फ जम्मा | | | | | ३२ | ३ | २८ | |
| वडा कार्यालय (२४ वटा) | | | | | | | | | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | १० | ३ | ७ | |
| २ | सब-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १० | ३ | ७ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | १४ | १४ | ० | |
| ४ | अ. सब-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १४ | | १४ | |
| | वडा कार्यालय तर्फ जम्मा | | | | | ४८ | २० | २८ | |
| | कुल जम्मा | | | | | ८० | २३ | ५६ | |

नोट: कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा तिनलाई स्वीकृत संगठन संरचनाअनुसारको सिल्लो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वत: खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका [illegible], एम्बुलेन्स सञ्चालक, [illegible] जस्ता स्थायी कर्मचारीलाई [illegible] कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका प्रा.स.हे. चौथो र पाँचौ कर्मचारीहरूलाई [illegible] शैक्षिक योग्यता [illegible] आधारमा [illegible] प्रा.स. को पदमा कामकाज गराउन सकिनेछ ।

**अनुसूची ३ (क): स्थानीय सरकारको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा संक्षिप्त विवरण (एकल तथा साझा आधिकारसँग सम्बन्धित)**

***आर्थिक विकासः*** *कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र (सङ्घीय ऐनको थप व्यवस्थाः घरेलु तथा साना उद्योग समेत*

***सामाजिक विकासः*** *शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

***भौतिक पूर्वाधारः*** *सडक तथा पुल, झोलुङ्गे पुल, सिंचाई, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार*

***वन, वातावरण तथा विपद् व्यवस्थापनः*** *वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप*

***संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनः*** *मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाह मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रणालीको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, लेखा परीक्षण, बेरुजु फर्स्यौट, आन्तरिक नियन्त्रण (एकल तथा साझा आधिकारसँग सम्बन्धित) सङ्घीय ऐनको थप व्यवस्थाः भूमि व्यवस्थापन, वडा समितिहरूको कार्य, साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य, बजेट तर्जुमा प्रक्रिया, स्थानीय सञ्चित कोष व्यवस्थापन अख्तियारी, लेखा,लेखा परीक्षण ।*

| क्र. सं. | क्षमता विकासको क्षेत्र | भूमिका हुने शाखा तथा इकाई | कार्य सम्पादनलाई प्रभाव पारेको तत्व | क्षमता विकासका उपायहरु -शाखा |
|---|---|---|---|---|
| **क)** | **विकास व्यवस्थापन** | | | |
| १ | विषय क्षेत्रगत विकास आवधिक/ गुरू योजना तथा नीति नियमहरु | योजना शाखा/प्रशासन शाखा | आवधिक योजना निर्माण नभएकाले योजना अनुरुप कार्य गर्न असहज भएको | समग्र नगरपालिकाको आवधिक योजना निर्माणका लागि सहयोग आवश्यक भएको |
| २ | समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तकृत वर्ग, गरीबमुखी विकास) | सामाजिक विकास शाखा र महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | लक्षित वर्गको विकासका लागि स्रोत साधन र जनशक्तिको अभावका कारण | आवश्यक बजेटको व्यवस्थापनको आवश्यकता |
| ३ | वातावरण, जलवायु परिवर्तन व्यवस्थापन नीति | पूर्वाधार विकास शाखा | मार्गदर्शक निर्देशिका र विज्ञ जनशक्तिको अभावका कारणले जलवायु परिवर्तन न्युनिकरण र प्रतिकार्यहरु गर्न असहज भएको | मार्गदर्शक निर्देशिकाहरुको उपलब्धता र विज्ञहरुबाट तालिमको व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| ४ | वार्षिक योजना तर्जुमा | नगरसभा/नगरपालिका/वडा समिति र योजना शाखा | नागरिकहरुलाई योजना तर्जुमाबारे पूर्ण जानकारी नभएकाले योजना चक्र प्रभावित भएको, जनसहभागिता जुटाउन गाह्रो | वडा तहै सम्म योजना तर्जुमामा सहभागी हुने सरोकारवालाहरु लाई अभिमुखीकरण गरिनुपर्ने |
| ५ | दिगो विकास लक्ष्यको स्थानीयकरण | नगरपालिका र विषयगत शाखा सबै | स्थानीयहरुको आवश्यकताहरु फरक फरक हुने, दिगो विकासका लागि पर्याप्त बजेटको समस्या हुने | विभिन्न दिगो विकासका नीतिहरुको तर्जूमा गर्नका लागि अभिमुखीकरण गरिनुपर्ने |
| ६ | वार्षिक योजना कार्यान्वयन | योजना तथा प्राविधिक शाखा | जनसहभागिता जुटाउन गाह्रो भईरहने | जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका साथै नागरिकहरुलाई योजनाको अपनत्वका लागि जनचेतनाका साथै अभिमुखीकरणको आवश्यकता भएको |
| ७ | मर्मत सम्भार व्यवस्थापन | योजना शाखा तथा जिन्सी | | |
| ८ | अनुगमन तथा मूल्याङ्कन प्रणाली तथा प्रतिवेदन प्रणाली | योजना शाखा /प्रशासन शाखा | वजार अनुगमन तथा अन्य विभिन्न कार्यक्रमको अनुगमनका लागि स्रोत र मानवीय साधनको समस्या भएको | योजनामा ज्ञान हुनका लागि तालिम/नागरिक सचेतनाको आवश्यकता |
| ९ | विषय क्षेत्रगत नीति नियमहरु | प्रशासन शाखा र योजना शाखा | सङ्घ प्रदेशले छाता ऐन कानुन निर्माण नगरेकाले विषयगत नीति निर्माणमा समस्या । कानुन शाखाको अभाव | प्रदेशले कानुन निर्माण गर्नु पर्ने, विज्ञ टोली गठन गरी अभिमुखीकरण नभएको, नगरपालिकामा कानुनसँग सम्बन्धीत जनशक्तिको अभाव भएकाले त्यसको व्यवस्थापन गर्नुपर्ने । |
| १० | समावेशी विकास नीति (लैंङ्गिक, बालबालिका, सीमान्तीकृत वर्ग, गरीबमुखी विकास) | सामाजिक विकास शाखा/ वडाहरु/महिला बालबालिका तथा ज्येष्ठ नागरिक इकाई | गरीब पहिचानको उचित आधार नभएको/सबै वर्गका लागि पर्याप्त बजेट, स्रोत साधनको कमी | गरीब पहिचानको उपर्युक्त आधार हुनुपर्ने, लक्षित वर्गको विकासका लागि स्रोत साधनमा वृद्धि हुनुपने |
| ११ | वार्षिक योजना तर्जुमा तथा कार्यान्वयन | नगरसभा/नगरपालिका/वडा समिति | नागरिकहरुलाई योजना तर्जुमा बारे पूर्ण जानकारी नभएकाले योजना चक्र प्रभावित भएको, जनसहभागिता जुटाउन गाह्रो | वडा तहसम्म योजना तर्जुमामा सहभागी हुने सरोकारवालाहरुलाई अभिमुखीकरण गरिनुपर्ने |
| १२ | अनुगमन तथा मूल्याङ्कन प्रणाली | योजना शाखा/प्रशासन शाखा | वजार अनुगमन तथा अन्य विभिन्न क्षेत्रको अनुगमनका लागि स्रोत र मानवीय साधनको समस्या भएको | योजनामा ज्ञान हुनका लागि तालिम/नागरिक सचेतनाको आवश्यकता |

| | | | | |
|---|---|---|---|---|
| **ख) सुस्थागत संगठन र संरचना व्यवस्थापन** | | | | |
| १ | कर्मचारी संगठन र संरचना तथा कार्यविभाजन | प्रशासन शाखा | ज्ञानको अभाव | सीप प्रदान |
| २ | आन्तरिक सञ्चार | सूचना प्रविधि र प्रशासन शाखा | ग्रामिण भेग भएकाले इन्टरनेट र प्रविधि भरपर्दो नभएको | प्राविधिका ज्ञान तथा आन्तरिक संचारका लागि प्रशिक्षणको आवश्यक भएको |
| ३ | कर्मचारीहरूको आचार संहिता | प्रशासन शाखा | | |
| ४ | कर्मचारीको कार्यविवरण र कार्यसम्पादन मूल्याङ्कन | प्रशासन शाखा | आंसिक भएको | स्थानीय सेवा ऐन निर्माण हुनुपर्ने |
| **ग) वित्तिय व्यवस्थापन** | | | | |
| १ | बजेट र आम्दानी तथा खर्च प्रणाली | आर्थिक प्रशासन शाखा | सेवामा भएका कर्मचारीलाई तालिम समेतको व्यवस्था नभएको | कर्मचारीलाई लेखा सम्बन्धी सफ्टवेयरका तालिमहरु आवश्यक |
| २ | खरिद प्रणाली | जिन्सी शाखा | | |
| ३ | सम्पत्ति व्यवस्थापन | जिन्सी शाखा | भौतिक पूर्वाधारको अभावले सम्पती व्यवस्थापन कुशल हुन नसकेका | भौतिक पूर्वाधार विकासमा ध्यान पुर्याउनु पर्ने |
| ४ | आन्तरिक नियन्त्रण प्रणाली र लेखा परीक्षण | आलेप शाखा | लेखा परीक्षण सम्बन्धी सेवा प्रवेश पछि कुनै पनि तालिम नभएकाले कार्यसम्पादनमा समस्या | सेवा सम्बन्धी कम्तिमा एउटा तालिम/अभिमुखीकरण वा प्रशिक्षण आवश्यक भएको |
| ५ | प्रतिवेदन प्रणाली | आर्थिक प्रशासन शाखा | | |
| ६ | कार्यक्रम, बजेट र खर्च प्रणाली | नगर सभा/कार्यपालिका/लेखा र योजना शाखा | न्युन बजेटको आधारमा असीमित योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्दा पर्याप्त काम गर्न समस्या | स्रोत साधनको उचित व्यवस्थापन हुनुपर्ने |
| ७ | सार्वजनिक खरिद प्रणाली | जिन्सी शाखा | | |
| ८ | सम्पत्ति व्यवस्थापन | जिन्सी शाखा | भौतिक पूर्वाधारको अभावले सम्पती व्यवस्थापन कुशल हुन नसकेको | भौतिक पूर्वाधार विकासमा ध्यान पुर्याउनु पर्ने |
| ९ | सेवाको गुणस्तर सुनिश्चितता | प्राविधिक/प्रशासन शाखा | प्राविधिक कर्मचारीहरु प्रर्याप्त नभएकाले सेवा प्रवाह तथा अनुगमनमा जटिलता | प्राविधिक कर्मचारीको व्यवस्थापनका साथै प्राविधिक सामाग्रीको पहुँचमा वृद्धि गरिनुपने |

| | | | | |
|---|---|---|---|---|
| १० | आन्तरिक नियन्त्रण र लेखा परीक्षण | आलेप शाखा | लेखा परीक्षण सम्बन्धी सेवा प्रवेश पछि कुनै पनि तालिम नभएकाले कार्यसम्पादनमा समस्या | सेवा सम्बन्धी कम्तिमा एउटा तालिम/ अभिमुखीकरण वा प्रशिक्षण आवश्यक भएको |
| **घ)** | **सूचना व्यवस्थापन** | | | |
| १ | सूचना प्रविधिको उपयोग | सूचना प्रविधि शाखा | जनशक्ति अभाव/ज्ञान सीपको समस्या | प्रविधि प्रयोग संम्वन्धी तालिम /कर्मचारीको क्षमता अभिवृदि गर्नुपर्ने |
| २ | अभिलेख व्यवस्थापन | सूचना प्रविधि शाखा | पुरानो अभिलेखीकरण बाहेक फरक प्रविधि अनुसार वेभसाइटमा राखिने हुँदा सहज भएतापनी नेटको समस्याले खासै प्रभावकारी नभएका | |
| **ङ)** | **सुशासन** | | | |
| १ | जनसहभागिता (नीतिगत तह र कार्यान्वयन तह) योजना चक्र, समावेशी, सरोकारवाला | योजना शाखा/वडा कार्यालय/ उपभोक्ता समिति | योजना कार्यान्वयन तहमा जनसहभागिता एकदमै न्युन भएको /नाम मात्रको जनसहभागिता भएको | योजना अपनत्वको लागि नागरिक चेतनाका साथै उपभोक्ता समितिहरुलाइ विकास सम्बन्धी तालिमा सञ्चालन गर्नुपर्ने |
| २ | पारदर्शिता तथा सूचना प्रवाह | नगरपालिका+वडा/सबै शाखा | सूचना प्रविधिको पूर्णतया प्रयोग हुन नसकेको /योजनाको सामाजिक परीक्षण गरिकाले पारदर्शिता कायम भएको | सूचना प्रविधिका बारेमा जनचेता तथा प्रयोग सम्बन्धमा अभिमुखीकरण गर्नुपर्ने /सूचनाको हक बारे नागरिक सचेतना गर्नुपर्ने |
| ३ | जवाफदेहिता र गुनासो व्यवस्थापन | प्रशासन शाखा/कार्यालय प्रमुख | जवाफदेहिताका लागि विषयगत शाखा मार्फत गरिएको/गुनासोबारे केहि नागरिक अन्योल | गुनासो गर्ने सम्बन्धमा सबै जसो नागरिकहरु अन्योल भएकोले समग्र अभिमुखीकरण आवश्यक भएका |
| ४ | जनसहभागिता (नीतिगत तह र कार्यान्वयन तह) योजना चक्र, समावेशी, सरोकारवाला | योजना शाखा/वडा कार्यालय/उपभोक्ता समिति | योजना कार्यान्वयन तहमा जनसहभागिता एकदमै न्युन भएको/नाम मात्रको जनसहभागिता भएको | योजना अपनत्वको लागि नागरिक चेतनाका साथै उपभोक्ता समितिहरुलाइ विकास सम्बन्धी तालिमा सञ्चालन गर्नुपने |
| ५ | पारदर्शिता तथा सूचना प्रवाह | नगरपालिका/वडा/सबै शाखा | सूचना प्रविधिको पूर्णतया प्रयोग हुन नसकेको/योजनाको सामाजिक परीक्षण गरिकाले पारदर्शिता कायम भएको | सूचना प्रविधिका बारेमा जनचेता तथा प्रयोग सम्बन्धमा अभिमुखीकरण गर्नुपर्ने /सूचनाको हक बारे नागरिक सचेतना गर्नुपर्ने |

| | | | | |
|---|---|---|---|---|
| ६ | जवाफदेहिता र गुनासो व्यवस्थापन | प्रशासन शाखा/कार्यालय प्रमुख | गुनासो व्यवस्थापनका लागि पेटिका राखिएको साथै जवाफदेहिताका लागि विषयगत शाखा मार्फत गरिएको/गुनासो बारे केहि नागरिक अन्योल | गुनासो गर्ने सम्बन्धमा सबै जसो नागरिकहरु अन्योल भएकोले समग्र अभिमुखीकरण आवश्यक भएको |
| **च)** | **समन्वय र सहकारय** | | | |
| | सङ्घीय निकायहरू तथा प्रदेश सरकार | प्रशासन/योजना/सूचना प्रविधि शाखा | गा. पा. बाट गरिएको समन्वय तथा अनुरोधबारे प्रदेश र सङ्घीय कार्यालहरुबाट त्यति वास्ता नभएको | सङ्घ तथा प्रदेश कार्यालयहरु र स्थानीय तहको समन्वय र सहकार्यका लागि वेलाबेलामा गोष्ठी तथा सेमिनार र वार्षिक योजना समीक्षा जस्ता कार्यक्रमहरु सञ्चालन हुनु पर्ने |
| | सम्बन्धित कार्यक्रम तथा परियोजनाहरू | विषयगत सबै शाखा | कार्यक्रम तथा परियोजनाहरुका सरोकारवालाहरु समन्वय गर्दागर्दै पनि कार्यक्रम सञ्चालनमा ढिलो गर्ने | सरोकारवालाहरुका ला ागी बेला बेलामा अन्तरक्रिया गर्नुपर्ने |
| | गैसस तथा समुदायमा आधारित संस्थाहरु | प्रशासन शाखा | | |
| | निजी क्षेत्र | प्रशासन शाखा | सबै नीजि संस्थासँग समन्वय गर्न गाह्रो । | नागरिक जागरुकताका साथै नीजि क्षेत्रसँग समन्वय गर्न आवश्यक नीति तथा नियमहरु र तालिमहरु आयोजना गर्नुपर्ने |
| | अन्तर स्थानीय सरकार | नगरपालिका/कार्यपालिका | प्रर्याप्त कानुन र अन्तर पालिका व्यय सम्बन्धी कानुन र नीतिगत समस्या | अन्तरपालिका तर्फका कानुन तथा नीतिहरुको छाता कानुन द्वारा सञ्चालन गर्नु पर्ने |
